# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा मानव जातिको विकासको मेरुदण्ड हो । मानव विकासको क्रममा परापूर्व कालदेखि आफूले जानेका सीप, ब्यवहार र सामाजिक मूल्य मान्यतालाई आफ्ना पुस्ताहरूमा हस्तान्तरण गर्दै आएको प्रसङ्ग पाइन्छ । यो हस्तान्तरणको कार्य घरपरिवार, टोल, छिमेक र समुदाय हुँदै अनौपचारिक तथा औपचारिक संस्थामा विकसित हुदै आयो । पूर्वकालमा गुरुले शिक्षालाई दानको रूपमा प्रदान गर्ने गर्थे तर यसले सामाजिक आवश्यकतालाई पूरा गर्न सकेन जसले गर्दा औपचारिक शिक्षाको सुरुवात भएको हो । नेपालमा औपचारिक शिक्षाको सुरुवातदेखि आजसम्मको अवधीलाई शिक्षाको मूल प्रवृत्तिका हिसावले मूलतः तीन भागमा बुझ्नुपर्दछ । पहिलो, शिक्षाको दमनपूर्ण र कालो युग (१९१०देखि २००७) सम्म, दोस्रो प्रारम्भीक युग (२००७-२०२८) सम्मको युग, तेस्रो विभिन्न आचरणमा स्तुतीवादी र दलाल शिक्षाको युग (२०२८ देखि हालसम्म), आजको हाम्रो शैक्षिक युग विभिन्न आवरणमा स्तुतीवादी र दलाल शिक्षाको युग हो । यो युगको सही विश्लेषण र शीघ्र अन्त्य गरी नयाँ जनवादी युगको स्थापना आजको ज्वलन्त आवश्यकता हो ।

२००८ को राष्ट्रिय शिक्षा पद्धतिको योजना आजसम्मको शिक्षा प्रणालीको मूल आधार हो । २०२८, सहित २०३९, २०४९, २०५५, र २०५८ गरी ५ वटा उच्च स्तरीय शैक्षिक समितिहरूले प्रतिवेदन प्रस्तुत गरेपनि सरकारले २०५८ को शिक्षा ऐनलाई नै सामान्य संशोधन गर्दै मूलतः त्यसैलाई आधार मान्दै आजसम्मको शिक्षा व्यवस्थालाई धानिरहेको छ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका लागि यो लाजमर्दो कुरा हो ।

आज मुलुकमा २ लाख ७ हजार ५ सय ६७ जना शिक्षकहरूले ३९ लाख ६४ हजार ५ सय ५३ जना विद्यार्थीहरूलाई पढाउने जम्मा ३१ हजार १ सय ५६ विद्यालयहरू रहेका छन् । यी

विद्यालयहरूमा समाजका १ सय मध्ये ८९ जना बालबालिका १ कक्षामा भर्ना हुन आइपुग्छन् अथवा ११ प्रतिशत बालबालिकाहरूले अहिले पनि स्कुल देख्नै पाउँदैनन् । सरकारी तथ्याङ्क अनुसार नि.मा.वि. तहमा प्रति १ सयमा ५७ जना विद्यार्थी मात्र पुग्दछन् । यो सङ्ख्या घटेर मा.वि. तहमा पुग्दा जम्मा ३६ जना हुन आउँछन् । उता कक्षा १ मा भर्ना भएका १ सय विद्यार्थी मध्ये ७८ जना विद्यार्थीले १० कक्षा नपुग्दै पढाई छाड्न बाध्य छन् । १० कक्षा सम्मको विद्यार्थी टिकाउदर २२.७ प्रतिशत मात्रै रहेको तथ्याङ्कले यहि पुष्टि गर्छ । देशका बाहुन क्षेत्री ७० प्रतिशत साक्षर छन् भने पिछडिएका जातिको साक्षरता जम्मा ७ प्रतिशत छ । सरकारी तथ्याङ्क अनुसार स्थानीय भाषा प्रयोग हुने (मातृ भाषामा पढाई हुने मात्र होइन) विद्यालयको कुल सङ्ख्या १७ हजार ३ सय ४१ मात्र छ । नेपालको कूल महिलाको आधा भन्दा बढी अर्थात ५७ प्रतिशत महिला निरक्षर छन् भने पुरुष निरक्षरता ३५ प्रतिशत छ, (भण्डारी, २०७२) ।

चार दशकअघि युनेस्कोले आठ सेप्टेम्बरलाई अन्तर्राष्ट्रिय साक्षरता दिवस घोषणा गरेको थियो। त्यसअनुसार यो दिन विश्वभर साक्षरता दिवस मनाउने परम्परा चल्दै आएको छ। यो दिन विश्वभर आफ्नो देशको साक्षरताको स्थिति समीक्षा गर्दै भावी कार्यदिशातर्फ व्यापक चिन्तन मनन गर्ने चलन छ । सन् २०१० को तथ्याङ्क अनुसार विश्व जनसङ्ख्याको ८४.१ प्रतिशतमात्र साक्षर छन् । जसमा पुरुषको साक्षरता प्रतिशत ८८.६ र महिलाको साक्षरता प्रतिशत ७९.७ देखिन्छ । सार्क मुलुकहरूमा साक्षरताको स्थिति हेर्दा माल्दिभ्स सबैभन्दा अगाडि छ। नेपाल भने चौथो स्थानमा छ । साक्षरताको परिभाषा ठाउँ, परिवेश तथा देश अनुसार फरक-फरक हुन सक्दछ । सामान्यता साक्षरता भन्ने वित्तिकै आफ्नो राष्ट्रिय भाषामा शुद्धसँग पढ्न र लेख्न सक्ने व्यक्तिलाई बुझिन्छ, (**https://hi.wikipedia.org/wiki**)

केन्द्रीय तथ्याङ्क विभागको सर्भेक्षण २०६८ को तथ्याङ्कले साक्षर महिलाको सङ्ख्या ५७.४ प्रतिशत र साक्षर पुरुषको सङ्ख्या ७५.१ प्रतिशत देखाएको छ। त्यस्तै जनसङ्ख्याको ६५.९ प्रतिशतमात्र साक्षर भएको पनि यस सर्भेक्षणले उल्लेख गरेको छ। त्यसमध्ये सबैभन्दा उच्च

साक्षरता भएको जिल्ला काठमाडौँ हो। जहाँ साक्षरता ८६.३ प्रतिशत छ। त्यस्तै सबैभन्दा कम साक्षरता भएको जिल्ला रौतहट हो। जहाँ साक्षरता ४१.७ प्रतिशत छ। नेपालमा अनौपचारिक शिक्षाको इतिहासतिर फर्कदा वि.सं.२००४ सालदेखि आधार शिक्षा केन्द्रले तीन महिने प्रौढ साक्षरता कार्यक्रम सञ्चालन गरी प्रौढ साक्षरता सुरु गरेको पाइन्छ। २०१३ सालदेखि योजानाबद्धरूपमा प्रौढ शिक्षा कार्यक्रम प्रारम्भ गरिएको थियो। वि.सं. २०३८ मा ग्रामीण विकासका निम्ति शिक्षा-सेती परियोजनामा प्रौढ साक्षरता, चेलीवेटी कार्यक्रम सञ्चालन भएको हो। अनौपचारिक शिक्षा सञ्चालन गर्ने विभिन्न एकाइहरू एकीकृत भई २०५६ सालमा अनौपचारिक शिक्षा केन्द्र स्थापना भएको हो ।

अनौपचारिक शिक्षा नीति २०६३ ले देशमा साक्षरता विकासका लागि केही नीति तय गरेको छ जसअनुसार निरक्षरता उन्मूलन गर्न साक्षरता अभियानलाई प्रमुख आधार बनाइनेछ। यस कार्यमा स्थानीय निकायलाई जिम्मेवार बनाइनेछ। प्रौढ साक्षरताका लक्ष्य हासिल गर्न विकेन्द्रीकरण, सशक्तीकरण, निजी क्षेत्र तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँगको साझेदारीलाई केन्द्रबिन्दु बनाइनेछ । विद्यालयबाहिरका बालबालिका, आधारभूत साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा हुँदै कक्षा १० सम्मको औपचारिक शिक्षासरहको शिक्षा प्रदान गरिनेछ। सामुदायिक अध्ययन केन्द्रलाई अनौपचारिक शिक्षाका सम्पूर्ण क्रियाकलाप जस्तै चेतना अभिवृद्धि, साक्षरता, बाल विकास केन्द्र, वैकल्पिक विद्यालय र आवश्यकतामा आधारित तालिम सञ्चालन गर्ने थलोका रूपमा विकास गरिने पनि यसमा उल्लेख छ ।

अनौपचारिक शिक्षा केन्द्रबाट सन् २०१५ सम्म मुलुकबाट निरक्षरता उन्मूलन गर्ने उद्देश्यले साक्षर नेपाल अभियान घोषणा गरिएको छ । यस उद्देश्य पूरा गर्न विभिन्न लक्षित समूहका लागि फरक मोडेलका साक्षरता कार्यक्रम सञ्चालन गरिएका छन् । अनौपचारिक शिक्षाको दिगो विकास तथा विस्तारका लागि सामुदायिक अध्ययन केन्द्र स्थापना गरी सञ्चालन गरिएको छ। सबै निरक्षर व्यक्तिमा साक्षरताका न्युनतम मापदण्ड पूरा गर्न सक्ने सीप विकास गर्न सामाजिक महोत्सव वा अभियानका रूपमा राज्यका सबै संयन्त्र परिचालित भई सन्

२०१५ सम्ममा नेपालबाट निरक्षरता उन्मूलन गर्ने नेपाल सरकारको घोषित नीति नै 'साक्षर नेपाल अभियान' हो । यो अभियान सफल पार्न राज्यका सबै सरकारी, गैरसरकारी, निजी संयन्त्र र सञ्चार माध्यम सबैको सहभागिता रहने अपेक्षा गरिएको छ । यस अभियानमा सम्पूर्ण विकास तथा प्रशासकीय कार्य गर्ने निकाय सबैले आफ्ना सेवाग्राहीलाई साक्षर बनाउन आफ्नो नीति र लक्ष्य निर्धारण गर्नेछन्। साक्षर नेपाल अभियानमा तथ्याङ्क सङ्कलन तथा घरधुरी सङ्ख्या अद्यावधिकको आधारमा देखिएका निरक्षरहरूका लागि साक्षरता कार्यक्रम सञ्चालन गरिएको छ। कार्यक्रमको वैकल्पिक मोडालिटी प्रयोग गरेर कार्यक्रम कार्यान्वयनमा बहुसहभागिता गराउने लक्ष्य लिइएको छ। सिकाइ सामग्रीको वैकल्पिक व्यवस्था गर्ने र स्थानीय तहमा स्रोतको खोजी तथा प्रवर्द्धनात्मक प्रयोगहरूलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिएको छ। कक्षाहरू सघनरूपमा सञ्चालन गर्ने र सो स्थानमा निरक्षरता उन्मूलन गर्दै जाने नीति लिइएको छ ।

साक्षर नेपाल अभियानको यथेष्ट प्रचारप्रसार हुन सकेको छैन। यसमा सञ्चार माध्यमहरूको सक्रियता देखिन सकेको छैन । निरक्षरका लागि आवश्यक श्रव्यदृश्य प्रचार सामग्रीको अभाव छ। साक्षरता कार्यक्रम र सहभागी दोहोरिएका छन्। कार्यक्रम सञ्चालन गर्ने संस्थाबीच समन्वय छैन । साक्षरता कक्षा पूरा गरेकाहरूका लागि साक्षरोत्तर कक्षाहरूको कमी छ। साक्षरतालाई व्यक्तिगत र सामाजिक समस्यासँग जोड्न सकिएको छैन। स्कुल शिक्षाबाट वञ्चित बालबालिकालाई अनौपचारिक शिक्षाका कार्यक्रमहरूमा समेट्न सकिएको छैन। साक्षरता विकासका लागि उल्लेख्य चुनौतीहरू सामना गर्न सरकारी र गैरसरकारी संस्थाहरूको उत्तिकै दायित्व छ। सरकारबाट नीति निमार्णमा केन्द्रित रही दूरदृष्टिका साथ काम गर्नुपर्ने देखिन्छ भने गैरसरकारी संस्थाहरूले देशका ग्रामीण जनतासम्म साक्षरता कार्यक्रम लैजानुपर्ने दखिन्छ। साक्षरता विकासका लागि नागरिक समाजको दायित्व पनि कम महर्त्वपूर्ण छैन ।

सरकारबाट केही उल्लेख्य नीतिगत व्यवस्था गरिनु आवश्यक छ र यसतर्फ शिक्षा मन्त्रालय अनौपचारिक शिक्षा केन्द्रबाट पहल भइरहेको पनि देखिन्छ। जस्तो कि स्थानीय विकासका कार्यक्रमसँग साक्षरतालाई आबद्ध गर्ने र साक्षरताका लागि स्वयम्सेवक परिचालन गर्ने व्यवस्था मिलाउनुपर्ने हुन्छ। विद्यालयको सेवा क्षेत्रका निरक्षर अभिभावकलाई सम्बन्धित विद्यालयमार्फत् साक्षर गराउने व्यवस्था गरिनुपर्छ। नागरिकलाई सामाजिक सेवा र सुविधा प्रदान गर्दा साक्षरता अनिवार्य गर्नुपर्छ। साथै देशलाई पूर्ण साक्षर बनाउने दिशातर्फ नागरिक समाज, दललगायत् निकायहरू, सञ्चार माध्यम, शिक्षक, विद्यार्थी सबैले साक्षर नेपाल अभियानको मर्म आत्मसात गरी यस महान् अभियानमा संलग्न हुनु आवश्यक छ, www.nagariknews.com.

वि.सं. २०५७ मा अनौपचारिक शिक्षा केन्द्रको स्थापना भएको हो । अनौपचारिक शिक्षाका माध्यमबाट सक्षम नागरिक, समतामूलक समाज, दिगो र समुन्नत सामाजिक विकास गर्नु यस केन्द्रको दूरदृष्टि रहेको छ । अनौपचारिक शिक्षाका लागि काम गर्ने केन्द्रीय निकाय भएकाले यसले अनौपचारिक शिक्षा सम्बन्धी नीति निर्माण, अनौपचारिक शिक्षाका योजनाहरूको निर्माण, अनौपचारिक शिक्षाका पाठ्यक्रम, पाठ्य पुस्तक र सन्दर्भ सामग्रीहरूको विकास, अनौपचारिक शिक्षामा संलग्न सरकारी, गैर सरकारी निकायहरूसँग समन्वय लगायतका कार्य गर्दछ ।

केन्द्रको स्थापनासँगै यसले औपचारिक शिक्षाका अवसरबाट वञ्चित निरक्षर प्रौढहरूलाई आधारभूत साक्षरताका साथै साक्षरोत्तर शिक्षा र विद्यालय शिक्षा पूरा नहुँदै बीचैमा विद्यालय छोडेकाहरूलाई अनौपचारिक शिक्षाका माध्यमबाट शिक्षाको अवसर प्रदान गर्दै आएको सन्दर्भमा हाल सबैका लागि शिक्षाको विश्वव्यापी अभियानको समाप्तिसँगै आगामी दिनमा जीवन पर्यन्त सिकाइको अवसर प्रदान गर्नु यस केन्द्रको अभिभारा हुन आएको छ ।

नेपालमा विभिन्न समयमा विभिन्न रूपमा साक्षरताका कार्यक्रमहरू सञ्चालन भए । परम्परागत रूपमा मौखिक साक्षरताले मान्यता पायो । कविता, कथा, श्लोक भन्ने र सुन्ने प्रचलनबाट सुरु भएको साक्षरता कचहरी, धार्मिक सभा, गुरुकुल शिक्षा जस्ता प्रथाले प्रदान गर्दथे । वि. सं. २००४ मा आधार विद्यालय खुलेपछि औपचारिक रूपमा साक्षरता मौलाउने मौका पायो । योजनाबद्ध रूपमा भने पहिलो पञ्चवर्षीय योजना (२०१३(०१८) मा प्रौढ साक्षरतालाई समावेश गरिएको पाइन्छ । त्यस समयदेखि निश्चित सङ्ख्यामा निरक्षरहरूलाई साक्षर बनाउने लक्ष्यका साथ प्रत्येक जिल्लाका निश्चित बस्तीहरूमा प्रौढ साक्षरताको सुरुआत भएको थियो । साक्षरता शिक्षामा समसामयिक सुधार गरी यसलाई जीवन पद्धतिसँग आबद्ध गर्न वि. सं. २०२२ देखि कार्यमूलक साक्षरताको अवधारणालाई प्रयोगमा ल्याइयो । वि. सं. २०३५ सालमा साक्षरतालाई देशव्यापी बनाइयो । वि. सं. २०३७ मा शिक्षा मन्त्रालयमा प्रौढ शिक्षा शाखाको स्थापना भयो र साक्षरता शिक्षालाई संस्थागत संरचना मार्फत् सञ्चालन गर्न थालियो ।

वि. सं. २०३८ सालमा ग्रामीण विकासका निम्ति शिक्षा परियोजना (सेती परियोजना) कार्यान्वयनको चरणमा महिला तथा किशोरीहरूलाई विशेष लक्षित गरी चेलीबेटी कार्यक्रम सञ्चालन गर्न थालियो भने प्रौढ साक्षरतामा समसामयिक सुधार गरी विस्तार गरियो । वि. सं. २०४५ मा पहिलो पटक जिल्लाव्यापी रूपमा अभियान सञ्चालन गर्ने र छोटो अवधिमा निरक्षरता उन्मूलन गर्ने अवधारणाअनुरूप सुर्खेतबाट अभियान सुरुआत भई यसले २०६५ सालसम्म निरन्तरता पाइरह्यो । आर्थिक वर्ष २०६५र०६६ मा नेपाल सरकारले २ वर्षभत्र देशबाट निरक्षरता उन्मूलन गर्ने गरी राष्ट्रिय साक्षरता अभियान सञ्चालनमा ल्यायो । यस समयमा देशमा करिब ७८ लाख निरक्षर भएको अनुमान थियो । राष्ट्रिय साक्षरता अभियानले २ वर्षभित्र देशबाट निरक्षरता उन्मूलन गर्ने कार्यक्रमलाई वि. सं. २०६९ सालमा साक्षर नेपाल अभियान (२०६९–०७२) का रूपमा सञ्चालनमा ल्याइयो । साक्षर नेपाल अभियान सञ्चालनपूर्व गरिएको निरक्षरहरूको सर्भेक्षणले देशभर ५१ लाख ७३ हजार ९७९ निरक्षरहरू

रहेको देखायो, जसमध्ये निरक्षर महिलाको सङ्ख्या ६६.३९ प्रतिशत थियो । नेपालबाट निरक्षरता उन्मूलन गर्ने अभियानको सञ्चालन सँगसँगै नेपाल सरकारले आर्थिक वर्ष २०७१र०७२ लाई निरक्षरता उन्मूलन वर्षका रूपमा घोषणा गऱ्यो । वि सं २०६८ मा सङ्कलन गरिएको निरक्षरहरूको सङ्ख्यामध्ये हालसम्म ९२ प्रतिशत साक्षर भएको अवस्था छ भने करिब एक तीहाइ जिल्लाहरू साक्षर जिल्लाका रूपमा घोषणा भएका छन् र अन्य जिल्लाहरू घोषणाको तयारीमा रहेका छन् । हाल निरन्तर शिक्षाका कार्यक्रमहरू देशभर सञ्चालनमा रहेका छन् ।

विद्यालय शिक्षा पूरा नगरी बिचैमा विद्यालय छोडेकाहरूका लागि अनौपचारिक शिक्षाका माध्यमबाट शिक्षा प्रदान गर्नका लागि शिक्षाको वैकल्पिक माध्यमका रूपमा अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम, अनौपचारिक प्रौढ विद्यालय कार्यक्रम र निम्न माध्यमिक तहको खुला शिक्षा कार्यक्रम सञ्चालनमा रहेका छन् ।

त्यसै गरी, आधारभूत साक्षरताको सीप हासिल गरेका र साक्षरोत्तर शिक्षामा सहभागी भएकाहरूका लागि सामुदायिक अध्ययन केन्द्रमार्फत् आय आर्जनका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । अनौपचारिक शिक्षाका माध्यमबाट देश विकासमा योगदान गर्न सक्ने र गुणस्तरीय जीवन यापनका लागि आवश्यक ज्ञान, सीप र दक्षता भएका नागरिक तयारी गर्न अनौपचारिक शिक्षा केन्द्रले सबैका लागि गुणस्तरीय र समतामूलक जीवन पर्यन्त सिकाइका अवसरहरू प्रदान गर्न आफ्ना कार्यक्रमहरू त्यतातर्फ उन्मुख गरेको छ , http://nfec.gov.np.

औपचारिक शिक्षा भन्ने वित्तिकै निश्चित दायरा भित्र बाँदिएको प्रमाणपत्रमा आधारित शिक्षा भनेर बुझिन्छ । जसका लागि निश्चित उमेर समूह किटान गर्नुका साथै अध्यापन गरिने समायावधि पनि निश्चित रहेको हुन्छ । जसले गर्दा विविध कारणहरूले गर्दा ज्ञान आर्जन गर्न पाउने अधिकारबाट बञ्चित रहेका बालबालिका तथा प्रौढहरूका लागि औपचारिक शिक्षाले

कुनै अर्थ राख्न सकेको हुँदैन । यिनै कुराहरूलाई दृष्टिगत गर्दै सबैलाई शिक्षा प्रदान गर्ने उद्देश्यले नेपालमा पनि अनौपचारिक शिक्षाको सुरुवात भएको पाइन्छ, औपचरिक शिक्षाका माध्यमबाट  निरक्षरता उन्मूलन गर्ने कार्यकलाप भइ रहेको पाइन्छ ।  यिनै कुरार्ला दृष्टिगत गर्दै निरक्षरता उन्मूलनमा अनौपचारिक शिक्षा नामक शीर्षक चयन गरी सोही अनुसार उद्देश्य चयन गरेर प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

## १.२ समस्याको कथन

निरक्षरता राष्ट्रिय विकास बाधक तत्व हो,  जबसम्म व्यक्ति निरन्तर रहन्छ तबसम्म उसका विकासका खुड्किलाहरू कमजोर सावित हुन्छन् । सामान्य निरक्षर व्यक्ति आफ्नो कर्तव्य र अधिकारप्रति पनि व्यक्ति सचेत हुन सक्दैन । त्यसैगरी सीप सिकेर स्तरीय जीवनयापन गर्न पनि उसलाई कठिनाई हुन्छ । साक्षरताले हरेक व्यक्तिलाई जीवनमा आमूल परिवर्तन गर्न सक्ने क्षमता दिन्छ । जब एक महिला साक्षर रहन्छिन्, उनले आफ्नो जीवनलाई सुखी र सुन्दर बनाउने सर्वोत्तम उपायको छनोट गर्न सक्छिन् । साक्षरता आधुनिक जीवनको कडी हो ।

नेपालको ०६८ सालको जनगणनाले नेपालको साक्षरताको प्रतिशत ६५.९ प्रतिशत रहेको देखाएको छ । यो साक्षरताको प्रतिशत पाँच वर्ष उमेरभन्दा माथिका सबै उमेरका कूल जनसङ्ख्याको साक्षरताको प्रतिशत हो । हामीले अहिले काम गरिरहेको साक्षरताको उमेर १५ देखि ६० वर्षसम्म हो । ६० वर्षभन्दा माथिको ठूलो समूह पनि साक्षर बन्न बाँकी छ । १५ वर्षभन्दा कम उमेर समूहमा पनि निरक्षर छन् । २०६७ सालमा  गरेको घरधुरी सर्भेक्षणले नेपालमा ५१ लाख ७३ हजार नौ सय ७९ जना निरक्षर रहेको तथ्याङ्कले देखाएको थियो । सो सर्भेक्षणअनुसार गत आर्थिक वर्षसम्ममा १४ लाख ४५ हजार तीन सय ३४ निरक्षर रहेको देखियो । त्यसैलाई आधार मानेर गत वर्ष हामीले साक्षरता कार्यक्रम सञ्चालन गर्‍यो ।

७५ वटै जिल्लाबाट सङ्कलित तथ्याङ्कका आधारमा भन्दा १५ देखि ६० वर्ष उमेर समूहका अब नेपालमा साढेसात प्रतिशत साक्षर हुनबाट वञ्चित छन् । http://www. enayapatrika.com औपचारिक रूपमा जे जस्तो भनिए पनि व्यवहारिक रूपमा निरक्षरता उन्मूलन अझै पनि पूर्ण रूपमा हुन सकेको छैन ? विविध अनौपचारिक कार्यक्रमहरू सञ्चालन भइ रहेका छन् । नेपाल सरकारबाट पनि शिक्षाका लागि १९ प्रतिशत बजेट विनियोजन गरेको पाइन्छ । जो रकम अन्य क्षेत्रका तुलनामा अधिक रहेको पाइन्छ । यति हुँदा हुँदै पनि अझै पनि निरक्षर व्यक्तित्वहरूको सङ्ख्या रहि रहनुमा हाम्रा सामु विविध समस्या र चुनौति रहेका छन् । के अनौपचारिक शिक्षा प्रदान गर्नका लागि स्रोत र साधनको प्रयाप्तता रहेको छ ?  आज सम्म सञ्चालन भैरहेका कार्यक्रमले लक्षित वर्गलाई प्रभावकारी रूपमा प्रभाव पार्ने गरी कार्यक्रम कार्यन्वयन हुन सके या सकेनन्? अनौपचारिक कार्यक्रमहरू गर्दा के- कस्ता समस्याहरू देखिए ? ती समस्याका समधानका उपाय के-के हुन सक्छन्?यी सम्पूर्ण प्रश्नहरू समस्याका रूपमा रहेका छन् । सरकारले निरक्षरता उन्मूलनका लागि विभिन्न प्रयासहरू गर्दै आइरहेता पनि चाहे अनुसारको उपलब्धि हासिल हुन नसकेको जनगुनासाहरू आइरहेको अवस्थामा अनौपचारिक शिक्षामा प्रदान गरिएका कार्यक्रमहरू के कस्ता रहेका छन् ? यसले निरक्षरता उन्मूलनमा कस्तो प्रभाव पारेको छ? यस कार्यक्रम व्यवस्थापन गर्दा के -कस्ता समस्याहरू उत्पन्न भए ? तिनका समाधानका उपायहरू के-के हुन सक्छन् ? भन्ने जस्ता मूल समस्याहरूमा प्रस्तुत शोधपत्रलाई केन्द्रिकृत गरिएको छ ।

नेपाली परिवेशलाई हेर्दा अझै सम्म पनि निरक्षरता पूर्ण रूपमा उन्मूलन हुन नसकि रहेको अवस्थामा निरक्षरता उन्मूलन कार्यक्रममा अनौपचारिक शिक्षा नामक शीर्षक चयन गरी निरक्षरताको अवस्था, निरक्षर रहनुका कारण, अनौपचारिक शिक्षाको अवस्था, अनौपचारिक शिक्षाले पारेको प्रभावकारिता जस्ता विषयमा अध्ययन गर्नका लागि यो विषय शीर्षक समस्या मूलक बन्न गएको छ ।

### १.३ अध्ययनको औचित्य

निरक्षरता र गरिबी बीच अन्योन्याश्रित सम्बन्ध रहने हुँदा जुन देशमा साक्षरताको दर न्यून छ ती देशले आर्थिक, सामाजिक, वैज्ञानिक विकासको चुनौतिलाई सामना गर्न पनि सकेका छैनन् । मुलुकमा शान्ति, सुव्यवस्था र सुशासन कायम गर्न पनि साक्षरतालाई गाउँ र बस्ती बस्तीसम्म पुऱ्याउनु आवश्यक छ । यसै सन्दर्भमा हाम्रो मुलुकले पनि अन्तराष्ट्रिय जगतमा गरेको प्रतिबद्धता अनुरूप सबैका लागि शिक्षा सहश्राब्दी विकासका लक्ष्य अनुरूप नै साक्षरता अभियानलाई सञ्चालन गरिरहेको छ । विगतका सफलता र असफलताबाट सिकेका कुराहरूले मुलुकमा रहेका निरक्षरलाई साक्षर बनाउनेतर्फ विभिन्न अनौपचारिक कार्यक्रम मार्फत  निरक्षरता उन्मूलनका कार्यक्रमहरू भइ रहेको पाइन्छ । निरक्षरता उन्मूलन कार्यका लागि अनौपचारिक शिक्षाले के कस्तो भूमिका निर्वाह गर्दै आएको छ  ? भोलिका दिनमा अनौपचारिक शिक्षलाई के कसरी प्रभावकारी बनाएर निरक्षरता उन्मूलन गर्न सकिन्छ भन्ने बारेमा गहन अध्ययन तथा अनुसन्धान हुन नसकेको पाइएको हुँदा निरक्षरता उन्मूलन कार्यक्रममा अनौपचारिक शिक्षाको भूमिका नामक शीर्षकमा तयार पार्न लागिएको प्रस्तुत शोधपत्रको औचित्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

अनौपचारिक कार्यक्रममा देखिएका कमी कमजोरीलाई निराकरण गर्दै सही ढङ्गले कार्यक्रम सञ्चालन गरी कार्यक्रमलाई थप प्रभावकारी बनाएर निरक्षरता उन्मूलन गर्नका लागि प्रस्तुत शोधधपत्रले थप सहयोग पुऱ्याउने छ ।  अनौपचारिक कार्यक्रम सञ्चालन गर्दा क कसका के के जिम्मेवारी रहेका हुन्छन् ? र तिनीहरूको जिम्मेवारी सरोकारवालाहरूले के कसरी पूरा गर्दै आएका छन् भन्ने बारेमा जानकारी प्राप्त गर्नका लागि पनि प्रस्तुत शोधपत्र उपयोगी रहने छ ।  अनौपचारिक कार्यक्रमको माध्यमबाट निरक्षरता उन्मूलनमा के कस्तो सहयोग पुगेको छ भन्ने बारेमा तथ्य प्राप्त गर्नका लागि प्रस्तुत शोधपत्र विशेष सहयोगी बन्ने छ । भावि अध्ययन अनुसन्धान कर्ताका लागि सन्दर्भ स्रोतको रूपमा प्रयोग हुन सक्दछ साथै नयाँ ढङ्गबाट कक्षा सञ्चालन गर्न सघाउ पुऱ्याउन सकोस भन्ने अभिप्रयालाई दक्षित गदै

निरक्षरता उन्मूलन कार्यक्रममा अनौपचारिक शिक्षा शीर्षकमा प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

### १.४. अध्ययनको उद्देश्यः

प्रस्तुत शोधपत्रका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. अनौपचारिक शिक्षा कार्यक्रमको वर्तमान अवस्था पहिचान गर्ने ।

२.. निरक्षरता उन्मूलन अभियानमा अनौपचारिक शिक्षा कार्यक्रमलाई प्रभाव पार्ने तत्वहरू खोजी गर्ने ।

३ अनौपचारिक कार्यक्रमको व्यवस्थापन गर्दा देखापरेका समस्याहरूको खोजी गर्ने ।

४ अनौपचारिक कार्यक्रमको व्यवस्थापन गर्दा देखापरेका समस्या समाधानका उपायहरू सुझाउने ।

### १.५. अनुसन्धान प्रश्नहरू

प्रस्तुत शोधपत्र निम्नानुसारका अनुसन्धान प्रश्नहरूमा केन्द्रित गरिएको छ :

१. अनौपचारिक शिक्षा कार्यक्रमहरु के कसरी सञ्चालन भै रहेका छन् ?

२. निरक्षरता उन्मूलनका लागि अर्नापचारिक शिक्षा अन्तर्गत के कस्ता कार्यक्रमहरू गरिँदै आइएको छ ?

३.. निरक्षरता उन्मूलन अभियानमा अनौपचारिक शिक्षा कार्यक्रमलाई कस्ता तत्वहरूले प्रभाव पारेका छन् ?

४. अनौपचारिक शिक्षा कार्यक्रमबाट कुन उमेर समूहका व्यक्तिहरू बढी मात्रामा साक्षर हुने अवसर पाएका छन् ?

५ अनौपचारिक कार्यक्रमको व्यवस्थापन गर्दा देखापरेका समस्याहरू के के हुन सक्छन् ?

६ अनौपचारिक कार्यक्रमको व्यवस्थापन गर्दा देखापरेका समस्या समाधानका उपायहरू के के हुन सक्छन् ?

### १.६ अध्ययनका परिसीमाहरू

निरक्षरता उन्मूलनमा अनौपचारिक शिक्षा शीर्षकमा गरएको प्रस्तुत शोधपत्रमा सीमित स्रोतः समय र साधनका कारण ठूलो क्षेत्रमा लामो समय लगाएर अध्ययन गर्न  असहज रहेको हुँदा निम्न लिखित सीमा भित्र रहेर अध्ययन अनुसन्धान गरिएको छ ।

निरक्षरता उन्मूलनमा अनौपचारिक शिक्षाको भूमिकामा मात्र प्रस्तुत शोधपत्रलाई केन्द्रित गरिएको छ । यस अध्ययन अनुसन्धानमा अध्ययनलाई उद्देश्यमुखी बनाउनका लागि तथ्याङ्क सङ्कलनका प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गरि व्याख्या एवम् विश्लेषण गरिएको छ ।

यस अध्ययनको अनुसन्धानको क्रममा चितवन जिल्लामा अनौपचारिक शिक्षा अन्तर्गत सञ्चालनमा भएका सामुदायिक अध्ययनकेन्द्रबाट सञ्चालित जम्मा १० वटा अध्ययनकेन्द्रहरू मध्येमा सम्भावना रहित नमूना छनोट विधिका आधारमा ५ वटा कक्षाकेन्द्रलाई छनोट गरी सहयोगी कार्यकर्ता १।१ का दरले ५ जना, सहभागीहरू ५।५ का दरले २५ जना, गरी ३० जनालाई यस अध्ययन अनुसन्धानको जनसङ्ख्याका रूपमा समावेश गरिएको छ । छनोटमा परेको विद्यालयमा अध्ययन स्थलमा अनुसन्धान कर्ता प्रत्यक्ष उपस्थित भएर उद्देश्य अनुसार अनुसूचीमा उल्लेखित प्रश्नावली भराई प्राप्त तथ्यहरूलाई गुणात्मक तवरबाट व्याख्या एवम् विश्लोण गरिएको छ । अनुसन्धान कार्यको अन्य पक्षलाई नसमेटिकन निरक्षरता उन्मलन कार्यक्रममा अनौपचारिक शिक्षा शीर्षकमा मात्र केन्द्रित रहेर अध्ययन अनुसन्धान गर्नु प्रस्तुत शोधपत्रको मुख्य सीमाका रूपमा लिन सकिन्छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

अध्ययन अनुसन्धानलाई निर्धारित उद्देश्यमा पुऱ्याउन लागि अनुसन्धानकर्ताले सो अनुसन्धानसँग सम्बन्धित अगाडिका लेख रचना, पत्रपत्रिका तथा बुद्धिजिवीका भनाइलाई आधार मान्नु आवश्यक छ । यस शोधपत्रसँग सम्बन्धित हुने खालका समय समयमा विभिन्न लेखक, अनुसन्धानकर्ता आदिका अध्ययन अनुसन्धानहरू प्रकाशन गरिएका छन् । त्यसैले यस अनुसन्धानात्मक कार्यको औचित्यलाई पुष्टि गर्न सम्बन्धित अध्ययनको सैद्धान्तिक खाका र सम्बन्धित अनुसन्धानात्मक लेखको अध्ययन अपरिहार्य भएको हुँदा आजभन्दा अगाडिका सम्बन्धित लेखरचनाहरूलाई साहित्यको पुनरावलोकनकको रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

हाम्रोदेशमा अझै सम्म पनि ४६ प्रतिशत जनता निरक्षताको रेखामुनी रहेको पाइन्छ । निरक्षता हटाउन देशमा विभिन्न प्रयासहरू गरिएको पाइन्छ । त्यसैगरी दातृराष्ट्रहरूले समेत उत्तिकै मात्रामा सहयोग प्रदान गर्दै आएका छन् । देशले कार्यक्रम राख्दैमा र सम्बन्धित ठाउँमा पुऱ्याउँदैमा सो कार्यक्रम सफल हुन्छ भनेर भन्ने सक्ने अवस्था नरहेको कुराको समेत लेखमा विश्लेषण गरिएको छ । निरक्षरता उन्मूलन गरेर सबै व्यक्तिहरूलाई सचेत गराउनका लागि अनौपाचारिक शिक्षाहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्ने हुँदा यसलाई प्रभावकारी बनाउन सकेको खण्डमा निरक्षरता न्यूनीकरणका लागि थप सहयोग पुग्ने कुरामा विश्वास गर्न सकिने तथ्य समेत लेखमा विश्लेषण गरिएको छ । अनौपचारिक शिक्षा अन्तर्गत पर्ने प्रौढ साक्षरता शिक्षाले पनि निरक्षरता उन्मूलन कार्यमा प्रभावकारी भूमिका निर्वाह गरेको

तथ्यलाई लेखमा उल्लेख गरिनुका साथै यस्तै विविध अनौपचारिक कार्यक्रमहरू प्रभावकारी एवम् पारदर्शी ढङ्गबाट समाजमा सञ्चालन गर्न सकेका खण्डमा निरक्षरता सहजै उन्मूलन हुनसक्ने अन्यथा यो एक चुनौतिको रूपमा रहने कुरालाई समेत लेखमा विश्लेषण गरिएको छ, (त्रिपाठी, २०६०) ।

अनौपचारिक शिक्षा ४ पर्खाल बाहिर अर्थात अनौपचारिक पद्धति बाहिर लचिलो ढङ्गबाट दिइने शिक्षा अन्तर्गत पर्ने हुँदा यस किसिमको शिक्षा आर्जन गर्नका लागि व्यक्तिलाई कुनै उमेर तथा समयले प्रभाव पार्न सक्दैन जसले गर्दा आफ्नो स्व इच्छाले सिकारुले सिक्न सक्दछ । अनौपचारिक शिक्षा लिँदा सहभागीहरूमा देखिएका समस्यालाई पूर्णरूपले पहिचान गरी उनीहरूका समस्याका आधारमा ध्यापन गरिने हुँदा कमजोर मनस्थिति भएका व्यत्तिले समेत सहजै ढङ्गले बुझ्न सक्ने भएको हुँदा यो शिक्षाले निरक्षरता न्यूनीकरणका लागि थप सहयोग पुग्ने देखिन्छ । साथै अनौपचारिक शिक्षा भनेको त्यस्तो शिक्षा हो जसको माध्यमबाट सहभागीहरूले आफ्नो जीवनमा आइपर्ने समस्याका बारेमा छलफल समस्याको समाधान र निर्णय कार्यान्वयन गरी आफ्नो जीवनको इतिहास आफै लेख्न सक्छन्, (फ्रेरे १८९०) ।

अनौपचारिक शिक्षाका विभिन्न प्रकारहरू मध्येमा साक्षरता शिक्षा पनि एक अङ्गका रूपमा लिन सकिन्छ । विभिन्न समाजिक, आर्थिक कारणले गर्दा शिक्षा अवसरबाट वञ्चित हुन पुगेका प्रौढ र बालबालिकाहरूका लागि उनीहरूको अनुकूल वातावरण तथा समय मिलाइ गुणात्मक ढङ्गबाट शिक्षा प्रदान गर्ने उद्देश्यका साथ अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने गरिएको हुन्छ । यसरी सञ्चालित विभिन्न कार्यक्रमहरूमध्येमा अनौपचारिक शिक्षाले राष्ट्रिय साक्षरता अभियानका माध्यमबाट निरक्षरता उन्मूलनका लागि अपरिहार्य रूपमा सहयोग पुऱ्याउँदै आएको छ । साक्षरता विकासको महत्वपूर्ण सूचक हो, साक्षरताको विकासले विकास सूचकमा बढोत्तरी ल्याउन मात्र सहयोग नगरी नागरिकलाई अधिकार र कर्तव्य प्रति सचेत बनाउनका लागि थप प्रभावकारी भूमिका निर्वाह गर्ने हुँदा अनौपचारिक

शिक्षाले गर्दै आएका सीप विकास, दिगो शिक्षा जस्ता कार्यक्रमहरू मध्येमा साक्षरता  शिक्षा तथा निरक्षरता उन्मूलन कार्य पनि एक प्रभावकारी अङ्गका रूपमा लिन सकिन्छ, (अनौपचारिक शिक्षा केन्द्र एक चिनारी, २०६६) ।

साक्षरता मानव विकासको महत्वपूर्ण पक्ष हो । साक्षरता शिक्षाको माध्यमबाट व्यक्तिले एक आपसमा सञ्चार गर्ने, सामान्य हरहिसाव गर्ने र विभिन्न विषयको वारेमा ज्ञान प्राप्त गर्न सक्दछ । अझ स्पष्ट भाषामा भन्नु पर्दा साक्षरताको महत्वपूर्ण विशेषता भनेको, यो सामाजिक परिवर्तन र आर्थिक स-शक्तिकरण को महत्वपूर्ण साधन हो । मानव अधिकारको सामान्य सिद्धान्त अनुसार साक्षरत हुन पाउनु प्रत्येक व्यक्तिको जन्म सिद्ध अधिकार हो । साक्षरता अन्य मानव अधिकारहरूको प्राप्ति गर्ने साधन पनि हो । साक्षरता प्राप्त गरेको व्यक्तिले आफ्नो क्षमता तथा सीपलाई कानूनी अधिकारको रूपमा प्रयोग गर्ने गर्दछ तर साक्षरताको सीप नभएका व्यक्तिको लागि भने यो असम्भव हुन्छ, साक्षरता सबै व्यक्तिले औचारिक स्थलबाट नै प्राप्त गर्न सक्दछन् भन्ने हुँदैन त्यसै कारणले अनौपचारिक शिक्षाले पनि साक्षरता कार्यक्रममा अपरिहार्य भूमिका निर्वाह गर्न सक्ने कुरालाई लेखमा उल्लेख गरिएको छ।  (पन्त,२०६६) ।

अहिले संसारका सम्पूर्ण देशहरू विशेष गरी विकासोन्मुख देशहरू, सन् २०१५ सम्ममा सबैलाई शिक्षाको मूल प्रभावमा कसरी ल्याउने भन्ने कुरामा चिन्तनशील भएर आ- आफ्नो राष्ट्रको सबैका लागि शिक्षा सम्बन्धित राष्ट्रिय कार्य योजना बनाउन जुटेका छन् । नेपाल पनि अहिले त्यही काममा व्यस्त छ । सबैका लागि शिक्षाको ६ वटा लक्षहरू छन ती ६ वटा लक्षहरू मध्ये चौथो लक्ष साक्षरता र निरन्तर शिक्षासँग सम्बन्धित छ । अनौपचारिक शिक्षाको माध्यमबाट सन् २०१५ सम्ममा प्रौढ साक्षरता स्थितिलाई विशेष गरी महिला साक्षरतालाई, हालको अवस्थमा थप ५० प्रतिशत वृद्धि गर्ने । सबै प्रौढहरूको आधारभूत तथा निरन्तर साक्षरतामा पहुँच विस्तार गर्ने भनी सबैका लागि शिक्षाको लक्ष सक्षरता कार्यक्रम

सञ्चालन गरी निरक्षरता उन्मूलन गर्न सकिन्छ भन्ने कुरामा जोड दिएका छन्, (अधिकारी, २०५९) ।

संसारका सम्पूर्ण देशहरू विशेष गरी विकासोन्मुख देशहरू सन् २०१५ सम्म सबैलाई शिक्षाको मूल प्रभावमा कसरी ल्याउने भन्ने कुरामा चिन्तनशील भएर आ-आफ्नो राष्ट्रको सबैका लागि शिक्षा सम्बन्धित राष्ट्रिय कार्य योजना बनाउन जुटेका छन् । नेपाल पनि अहिले त्यही काममा व्यस्त छ । सबैका लागि शिक्षाको ६ वटा लक्ष्यहरू छन् ती ६ वटा लक्ष्यहरू मध्ये चौथो लक्ष्य साक्षरता र निरन्तर शिक्षासँग सम्बन्धित छ । सन् २०१५ सम्म प्रौढ साक्षरता स्थितिलाई विशेष गरी महीला साक्षरतालाई हालको अवस्थामा थप ५० प्रतिशत वृद्धि गर्ने । सबै प्रौढहरूको आमूल तथा निरन्तर साक्षरतामा पहुँच विस्तार गर्ने भनी सबैका लागि शिक्षाको लक्ष्य साक्षरता कार्यक्रम सञ्चालन गरी निरक्षरता उन्मूलन गर्न सकिन्छ , भन्ने कुरामा जोड दिएका छन्, अधिकारी, २०६६) ।

सामुदायिक अध्ययन केन्द्रमा अनौपचारिक शिक्षाको व्यवस्थापन नामक शोधपत्रमा उल्लेख गरिए अनुसार नेपालमा अनौपचारिक शिक्षाको प्रभवाकारी ढङ्गले व्यवस्थापन गर्न नसकिएको सामुदायिक अध्ययनकेन्द्रमा व्यवस्थापन समितिका पदाधिकारीहरू, समुदाय परिचालिका, सहयोगी कार्यकर्ता, समुदायका अगुवा, उत्प्रेरिका शिक्षक आदिलाई उनीहरूको भूमिकाप्रति जिम्मेवार बनाउन सकिएको छैन । अनौपचारिक शिक्षा के कसरी व्यवस्थापन गर्ने भन्ने बारेमा उचित जानकारी नभएका कारणले गर्दा नै सामुदायिक अध्ययन केन्द्रमा अनौपचारिक शिक्षाको उचित तवरले व्यवस्थापन हुन नसकेको भन्ने कुरालाई प्रस्तुत शोधपत्रमा विश्लेषण गरिएको छ, (भुषाल २०६७) ।

अनौपचारिक शिक्षा औपचारिक शिक्षाको विपरित होइन, प्रतिष्पर्धी पनि होइन र नयाँ परिवर्तन पनि होइन । बरु यो सबै पेशा र व्यवसायका मानिसलाई इच्छा र आवश्यकता अनुसारको शिक्षा प्रदान गर्ने खुला शिक्षाका रूपमा लिन सकिन्छ । अनौपचारिक शिक्षा यस्तो शिक्षा जहाँ निश्चित तह हुँदैन व्यक्तिले आफ्नो समय मिलाएर शिक्षा आर्जन गर्न पाउँछ ।

शिक्षाको विकास गरी निरक्षरतालाई उन्मूलन गर्ने कार्यकलापमा पनि अनौपचारिक शिक्षाले उत्तिकै मात्रामा भूमिका निर्वाह गर्दै आएको पाइन्छ । अनौपचारिक शिक्षालाई कसैले मानव इतिहाँसगै जन्मेको भनेका छन् भने कसैले कुम्सले १९६०को दशकमा जन्माएको ठानेका छन् । अनौपचारिक शिक्षा अन्तर्गत ब्राजिलमा प्रौढ शिक्षा कार्यक्रम, साझा सहकारी र भूमिसुधार कार्यक्रमलाई जोडेर २०,००० सांस्कृतिक केन्द्रहरू मार्फत २० लाख निरक्षरलाई साक्षर बनाएको कुरालाई लेखमा विश्लेषण गरिएको छ । त्यसैगरी जोड एफ क्यानेडीका शिक्षा र संस्कृति विभागका सचिव फिलिप्स कुम्सले शैक्षिक उत्थान र अनुसन्धानको लागि शिक्षा बजेटको २ प्रतिशत बजेट छुट्याएर अनौपचारिक शिक्षा मार्फत साक्षरता, ग्रामीण विकास, आर्थिक गतिशीलताको विकास, शिक्षामा लागत व्यवस्थापन, विश्लवको शैक्षिक समस्या समाधान जस्ता अभियान चलाएर पेरिसमा शैक्षिक योजनाको अन्तर्राष्ट्रिय संस्था समेत स्थापना गरेको कुरालाई समेत उजागर गर्दै अनौपचारिक शिक्षाका माध्यमबाट निरक्षरता उन्मूलन हुने कुरामा कुनै पनि दुई मत रहन नसक्ने कुरलााई लेखमा विश्लेषण गरिएको छ, (सापकोटा, २०६९) ।

प्रौढसाक्षरता कार्यक्रम व्यवस्थापन नामक शोधपत्रमा नारायणी कुँवरबाट उल्लेख भए अनुसार प्रौढ साक्षरता पनि अनौपचारिक शिक्षा अन्तर्गतको एक शिक्षा भएको तथ्यलाई उल्लेख गरिएको छ । यसका माध्यमबाट सबैलाई साक्षर बनाउनका लागि सहयोग पुग्नुका साथै कार्य व्यस्तता एवम् विद्यालय उमेर समूह भन्दा बाहिरका मानिसहरूले ज्ञान आर्जन गर्न पाउने हुँदा यो शिक्षा बढी मात्रामा लोकप्रिय भएको कुरालाई विश्लेषण गरिएको छ । निरीक्षण अनुगमनको कमी, आर्थिक अभाव, सहयोगी कार्यकर्तालाई दिइएको रकम थोरै हुनु, स.का. लाई प्रयाप्त तालिम नहुनु जस्ता विविध कुराहरूले गर्दा कार्यक्रममा समस्या देखिए पनि देशमा भएको विध्यमान निरक्षरता उन्मूलनाका लागि यस कार्यक्रमले सहयोग पुऱ्याउँदै आएको तथ्य प्रस्तुत गर्दै देखिएका कमीकमजोरीलाई निराकरण गरेर सोही अनुसार

कार्यान्वयन गर्न सकेका खण्डमा भोलिका दिनमा निरक्षरता उन्मूलन गर्नका  लागि प्रौढ साक्षरता कार्यक्रम उपयोगी सिद्ध रहने कुराको निष्कर्ष प्रस्तुत गरिएको छ, (कुँवर २०६८) ।


शिक्षामा पहुँच, गुणस्तर र समता प्राप्त गर्नका लागि सामुदायिक अध्ययन केन्द्रलाई कार्यक्रम सञ्चालन संयोजनको आधार बनाइने छ । सामुदायिक अध्ययन केन्द्रहरू, गैरसरकारी संस्था, स्थानीय समूह, विद्यालय, स्थानीय निकाय र सरकारी संस्थहरूले एक संयुक्त रूपमा तोकिए बमोजिम सञ्चालन गर्न सक्ने छन् । समुदायका प्रौढ तथा युवा सदस्यलाई ध्यानमा राखेर निरक्षरता उन्मूलन गराउन तथा सबैलाई रोजगार प्रदान गर्ने अभिप्रायले सामुदायिक अध्ययन केन्द्रका माध्यमबाट अनौपचारिक शिक्षा उपलब्धि गराइएको छ, (अनौपचारिक शिक्षा नीति, २०६३) ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

प्रस्तुत शोधपत्रमा अब्राहम मास्लोद्वारा (सन् १९९४) मा प्रतिपादित आवश्यकताको सिद्धान्तलाई आधार मानिएको छ । कुनै पनि मानिसका आवश्यकताहरू असिमीत रहेका हुन्छन् भने आवश्यकताहरूलाई पूरा गर्ने स्रोत र साधनहरू भने जहिले पनि सिमीत मात्रामा रहेका हुन्छ । असिमीत आवश्यकतालाई सीमित स्रोत र साधनले परिपूर्ति गर्नका लागि मानिसका आवश्यकताहरूको वर्गीकरण गरी आधारभूत आवश्यकताको परिपूर्ति सर्वप्रथम गर्नु पर्दछ भन्ने कुरालाई मास्लोको आवश्यकतामा आधारित सिद्धान्तले विश्लेषण गरेको छ । मास्लोले सन् १९९४ मा आवश्यकतामा आधीरत सिद्धान्तलाई प्रतिपादन गरेका थिए । समस्याको बहु आयामिक र व्यवहारिक समाधानमा ध्यान दिनु पर्छ । एक पक्षीय ढङ्गले र मनोमानी ढङ्गले व्याख्या गर्दा र हल गर्न खोज्दा अमानवीय, अव्यवहारिक,  अवैज्ञानिक र अन्यायी हुन्छ। दिगो समाधान हुन सक्दैन । मास्लोका अनुसार हामि कुनै आवस्यकता पूरा गर्न लागि परेका छौं  ति आवस्यकता हाम्रा प्रेरकरप्रेरणा हुन । तिनको पनि तह र क्रम हुन्छ

भन्ने कुरालाई मास्लोले विश्लेषण गरेका छन् । मास्लोको आवश्यकतामा आधारित सिद्धान्त जसरि नै निरक्षरता उन्मूलन कार्यक्रममा अनौपचारिक शिक्षाको भूमिका शीर्षकमा गरिएको प्रस्तुत शोधपत्रमा पनि सहभागीका आवश्यकताहरूको वर्गीकरण गर्नुका साथै अध्यापन भएका अध्ययन केन्द्रहरूका समस्यालाई वर्गीकरण गरी प्राथमिकताका आधारमा समस्याको वर्गीकरण गनुसार न्यूनीकरण गर्न सकेका खण्डमा निरक्षरता उन्मूलन कार्यक्रमलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने देखिन्छ ।

आजको २१ औं शताब्दिमा राष्ट्र संघका सम्पूर्ण सदस्यहरूले साक्षरता शिक्षाको माध्यमबाट निरक्षरता उन्मूलन गर्ने प्रतिवद्धता जाहेर गरेका छन् । तसर्थ अहिलेको विश्व परिवेशलाई हेर्दा साक्षरता शिक्षा मानिसको आधारभूत आवश्यकता भित्र पर्ने हुँदा मास्लो (१९४३) मानवतावादी दृष्टिकोणलाई वैचारिक खाका अन्तर्गत राखेर अध्ययनबाट प्राप्त जानकारीलाई विश्लेषण गरिएको छ । अब्राहम मास्लोले आवश्यकताहरू एक पछि अर्को आवश्यकता हुँदै जाँदा आवश्यकताको श्रृङ्खला नै तयार हुन्छ । मानिसले सामान्य आवश्यकताको परिपूर्ति पछि अर्को आवश्यकताको परिपूतिको लागि क्रियाशील हुँदै जान्छ । भनी आवश्यकताको पूर्णता भने कहिल्यै हुँदैन भनी तल्लो तहको आवश्यकता वा बाँच्ने तह (Sur vival level) बाट सुरु हुन्छ जसलाई तल्लो तहका आवश्यकताहरू भनिन्छ । यसरी आधारभूत आवश्यकताबाट माथिल्लो तहका आवश्यकताहरूको उत्पत्ति अनुसार मानिस क्रियाशील हुन्छ र आत्म यथार्थीकरण को तहमा पुग्दछ भनी आवश्यकताहरूको श्रृङ्खला तयार गरेका छन् । जसलाई तलको चित्रबाट प्रष्ट पार्न सकिन्छ :




https://talk2sathi.wordpress.com/category/counseling मा उल्लेख भए अनुसार मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तबाट शिक्षण सिकाइ क्रियाकलाप तथा निरक्षरता उन्मूलनका लागि आधारभुत आवस्यकता पूरा हुने वातावरण सहज छ वा छैन बुझ्ने र आवस्यक सहयोग मिल्ने वातावरण तयार गर्ने , कुनै डर त्रास छ, वा काम को बोझ छ कि, वा आम्दानी कम छ, वा थप तालिम र हौसल्लाको जरुरत छ, वा कुनै समस्या छ, त्यो बुझेर समस्या र तनाव कम र हल गर्न मद्धत गर्ने । सुरक्षित महसुस गराउने तर्फ काम गर्ने । केहि पारिवारिक वा सामाजिक वा वातावरणीय वा केहि अन्य समस्या छन् भने समाधान का लागि सहयोग दिने कोसिस गर्ने । अन्य व्यक्ति वा सहकर्मी वा नातागोता संग को संबन्धमा रहेको समस्या वा असमझदारी हटाउने बारे मा बुझ्ने र त्यसको समझदारीको प्रयास गराउने वा मध्यस्तता गरिदिने वा केहि रोग भएमा त्यसको रोगको उपचार गरेर, वा अन्य आवस्यक मद्धत पूराएर उनको पढाई (काम) मा प्रगति गराउन सकिन्छ । आवस्यक उचित ज्ञान र सीप दिने । क्षमता विकास गर्न सहयोग गर्ने । जस्तै - छलफल गर्नेरबोल्ने सीप, समस्या समाधान गर्ने तरिका, निर्णय गर्ने सीप, काम गर्ने तरिका (पढ्ने वा पढाउने आदि), समय, श्रोत, साधन र आम्दामी व्यवस्थापन गर्ने सीप, आवस्यक सहयोग लिने र दिने

सीप जस्ता जीवन उपयोगी सीप र कलाहरू बारे ज्ञान दिने, सिकाउने । स-सम्मान सिक्नेरगर्ने वातावरण दिने बारे सोच्ने। न्यायसङ्गत र इमान्दार ढङ्गले काम गर्ने वातावरण निर्माण गर्ने तर्फ ध्यान दिने । आफ्नो मेहेनत अनुसारको नतिजामा सन्तुस्ट हुन र आगामी दिनमा राम्रो नतिजा निकाल्न गर्नु पर्ने कामका लागि तयार पार्ने । शिक्षकको पढाउने तरिका सरल, सहज, र व्यवहारिक बनाउने । केहि गरेर बुझाउने, श्रव्य दृश्य सामग्रीको प्रयोग गर्ने, पढेका कुराको व्यवहारिक पक्ष (प्रयोग) थाह दिने । विद्यार्थीको प्रत्यक्ष सहभागिता बढाउने । घृणा गर्ने, होच्याउने आदि शैली नअपनाउनेस र त्यस्तो शैलीलाई निरूत्साहित गर्ने । माया र सद्भाव दिने। विद्यार्थीलाई कतिपय महत्वपूर्ण कुरा एक पटक भन्दा बढी पटक बताउनु पर्ने वा सिकाउनु पर्ने हुन पनि सक्छ । कम जान्ने वा धेरै जान्नेमा भेदभाव नगरी सबैलाई सिक्ने समान अवसर दिनु पर्छ । यस विषयमा शिक्षक र अविभावक तथा विद्यालय परिवार लाई तालिम दिन सकिन्छ । त्यस्तै कामको (पढाईको) महत्व बुझाउने। र काम (पढाई) राम्रो ढङ्गले गर्ने बारे सिकाउने। आवस्यक परेमा तालिमको व्यवस्था गर्ने । केही सान्दर्भिक र व्यवहारिक ज्ञान र सीप दिने वा स्मरण गराउने भन्ने जस्ता कुराहरूलाई निरक्षरता उन्मूलनका लागि आवश्यक कार्यकलापका रूपमा लिइएको छ ।

मानिस जब गास, बास र कपासको आवश्यकता नै परिपूर्ति हुन सक्दैन उसले अन्य आवश्यकताको बारेमा कल्पना पनी गर्न सक्दैन । मानिसको आधारभूत आवश्यकता मानिने गास, बास र कपासको लागि क्रियाशील गराउन क्षमता वृद्धि गर्न, मनोबल उच्च राख्न शसक्तिकरणको रूपमा साक्षरतालाई गास, बास, कपास र साक्षरता भनी आधारभूत आवश्यकता मा राख्नु आवश्यक छ । समाजमा रहेका विपन्न जाति, जनजाति, दलित, आदिवासी महिला अपाङ्गहरू गरिवीको जालोभित्र फसिरहेका छन् । ताकि गास, बास र कपासमा नै मानिस सीमित छन् भने उनीहरूलाई शिक्षा प्रदान गर्नका लागि सम्भव छैन । देशमा निरक्षरता उन्मूलन कार्यक्रमका लागि विभिन्न औप चारिक तथा अनौपचारिक कार्यक्रमहरू पूर्ण रूपमा लागि परि रहँदा पनि निरक्षरता उन्मूलन किन पूर्ण रूपमा हुन

सकेको छैन । यसरी मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्त अनुसार निरक्षर व्यक्तिहरूको आवश्यकता र चाहना बुझ्रेर साक्षर बन्नका लागि अभिप्रेरित गर्न सकेमा सक्रियरूपमा सहभागी गराई निरक्षरता उन्मूलन गर्न र अभियानको लक्ष पूरा हुन सक्दछ भन्ने मान्यता अनुसार यही सिद्धान्तलाई  सैद्धान्तिक खाकाको रुपमा लिइएको छ ।

## **२.३ पुनरावलोकनको शैक्षिक उपादेयता**

निरक्षरता उन्मूलन कार्यममा अनौपचारिक शिक्षा नामक शीर्षकमा तयार गरिएको प्रस्तुत शोधपत्रलाई उद्देश्यअनुसार पूर्णता प्रदान गर्नका लागि आजभन्दा अगाडि यस शोधपत्रसँग सम्बन्धित हुने खालका विभन्नि विद्वानका लेखरचना, पत्रपत्रिका, शोधपत्रलाई अध्ययन गरी साहित्यको पुनरावलोकनको रूपमा समीक्षा गरिएको छ । यसरी अध्ययन गरिएको साहित्यको पुनरावलोकनको  अध्ययनका लागि सिद्धान्तको खाका चयन गर्न,  उद्देश्य अनुसार तथ्य सङ्कलन गर्नका लागि सहयोग पुग्नुका साथै, सङ्कलित तथ्यलाई सिद्धान्तको खाका अनुसार व्याख्या विश्लेषण गरी शोधपत्रलाई व्यवहारिक एवम् वस्तुनिष्ठ बनाउनका लागि थप सहयोग पुगेको छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

यस अध्ययनलाई पुर्णता प्रदान गर्नको लागि शोधकर्ताले अनुसन्धान कार्यका लागि गुणात्मक ढाँचा अनुसारको शोध विधि प्रयोग गरिएको छ । यस अध्ययनको लागि सम्भावना रहित नमूना छनोटविधि अन्तर्गत उद्देश्यपूर्ण नमूना छनोटविधि अपनाइएको छ । यसैगरी यस शोध अध्ययनको क्रममा प्राथमिक तथा द्वितीय गरी तथ्याङ्कका दुईवटा स्रोतलाई अवलम्बन गरिएको छ । यस अध्ययनको लागि नमूना छनोटमा परेका कक्षा केन्द्रहरूमा कार्यक्रम संयोजक, स्थानीय निरिक्षक, सहयोगी कार्यकर्ता र सभागीहरूको धारणा बुझ्नको छलफल तथा अन्तरवार्ता प्रश्नावलीहरूको प्रयोग गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान कार्यका लागि निश्चित योजना तथा रणनीतिको आवश्यकता पर्दछ । पूर्वयोजना वा तयारी विना गरिने अनुसन्धान निश्चित लक्ष्यसम्म पुग्न सकिदैन । यो अनुसनधान वर्णनात्मक भएकोले यस अध्ययनको प्रमुख उद्देश्य निरक्षरता उन्मूलनमा अनौपचारिक कार्यक्रमको कार्यक्रमको भूमिकामा केद्रित भएकोले कार्यक्रम सञ्चालन प्रक्रिया र यसको व्यवस्थापन प्रभावबारे जानकारी हासिल गर्नुपर्ने हुन्छ । प्रस्तुत शोधपत्र गुणात्मक ढाँचाको भएको हुँदा गुणात्मक ढाँचा अन्तर्गत विवरणात्मक तवरबाट सङ्कलित तथ्यको व्याख्या विश्लेषण गरिएको छ ।

## ३.२ अध्ययनको  जनसङ्ख्या तथा नमूना छनोट

यस अध्ययन अनुसन्धानका लागि चितवन जिल्लामा अनौपचारिक शिक्षा अन्तर्गत सञ्चालनमा भएका सामुदायिक अध्ययनकेन्द्रबाट सञ्चालित जम्मा १० वटा

अध्ययनकेन्द्र मध्ये जम्मा ५ वटा केन्द्रलाई आधार मानिएको छ । केन्द्र १ मा महिला १८ र पुरुष ७  गरी जम्मा २५ जना, कक्षा केन्द्र २ मा १७ महिला र ९ पुरुष सहित २६ जना, कक्षा केन्द्र ३ मा २२ महिला र ७ पुरुष सहित २९ जना, कक्षा केन्द्र ४ मा २४ महिला र ३ पुरुष सहित जम्मा २७ जना र कक्षाकेन्द्र ५ मा १६ महिला र ४ पुरुष सहित जम्मा २० जना सहभागी मध्येबाट उद्देश्यपूर्ण नमूना छनोट विधिका आधारमा सहयोगी कार्यकर्ता १।१ का दरले ५ वटा, सहभागीहरू ५।५ का दरले २५ जना, निरक्षक १ जना गरी ३१ जनालाई यस अध्ययन अनुसन्धानको जनसङ्ख्याका रूपमा समावेश गरिएको छ ।

### ३.३. तथ्याङ्कका स्रोतहरू

कुनैपनि विषय वा समस्याको बारेमा खोज अनुसन्धान गर्दा विभिन्न स्रोतहरूलाई आधार मानिएको हुन्छ । यसैगरी यस शोध अध्ययनको क्रममा पनि प्राथमिक तथा द्धितीय गरी तथ्याङ्कका दुईवटा स्रोतलाई अबलम्बन गरिएको छ ।

#### ३.३.१ प्राथमिक स्रोत :

यस अध्ययन तथा अनुसन्धानको क्रममा तथ्यङ्क सङ्कलनको प्राथमिक स्रोतअर्न्तगत छलफल तथा अन्तरवार्ता प्रश्नावली विधिलाई आधार बनाइएको छ । जसअन्तर्गत अनुसूची १ देखि ४ सम्मका प्रश्नावलीहरूलाई प्रयोग गरिएको छ ।

#### ३.३.२ द्वितिय स्रोत :

द्वितिय स्रोत अन्तर्गत अनुसन्धानसँग सम्बन्धीत विलायका अभिलेखहरू, पत्रपत्रिकाहरू, अप्रकाशित शोध-पत्रहरू एवम् सम्बन्धित प्रतिवेदनहरूलाई आधार मानिएको छ

### ३.४ तथ्याङ्क सङ्कलनका साधनहरु

अध्ययन कार्यलाई पुर्ण रूपदिन निम्नानुसारका साधनहरूको निर्माण गरी सम्बन्धित विषय विशेषज्ञ तथा सोध निर्देशकको राय सुझाव अनुसार परीमार्जन गरी निम्न अनुसारका अध्ययनका साधनहरू निर्माण गरी प्रयोग गरिएको छ ।

#### ३.४.१ अर्न्तवार्ता प्रश्नावली

छनोटमा परेका कार्यक्रम संयोजक, स्थानीय निरिक्षक, सहयोगी कार्यकर्ता तथा सहभागीलाई शोधकर्ता प्रत्यक्ष उपस्थिति भई (अनुसूची २ देखि ५ का) अन्तरवार्ता प्रश्नावालीको प्रयोगगरी आवश्यक जानकारीहरू सङ्कलन गरिएको छ ।

#### ३.४.२ अवलोकन फारम

यस अर्न्तगत छनोटमा परेका कक्षाकेन्द्रहरूको कक्षा कोठा व्यवस्थापनको अवस्था, कक्षाकेन्द्रहरूमा बस्ने ठाउँका सुविधा, प्रयोग गरिएका शैक्षिक सामग्रीहरू, कक्षा केन्द्रमा सहभागीहरूको सिकाइ प्रतिको धारणा, कक्षा केन्द्रहरूमा स्थानीय निकायबाट हुने गरेको नीरीक्षण तथा अनुगमन, आवश्यक सामग्री तथा पुस्तकालय, सहयोगी कार्यकर्ताको सिकाइ सम्बन्धी धारणा जस्ता विवरणहरू सङ्कलन गरिएको छ ।

### ३.५. तथ्याङ्क सङ्कलन प्रक्रिया

कुनै पनि विषयको अनुसन्धानका लागि अनुसन्धानकर्ताले जुन उद्देश्य अनुसार अनुसन्धान गर्दै छ, सो उद्देश्य परिपुर्तिका लागि नमूना छनोट गर्दा संयोगमा आधारीत नमूना छनोटभन्दा पनि आफ्नै वुद्धि विवेकद्वारा नमूना छनोटगर्ने विधि नै उद्देश्यपूर्ण नमूना छनोटमा विधि हो (खनाल, २०६२) । यसै नमूना छनोटगरिएको छ । अध्ययनमा प्राथमिक तथा द्वितीय

तथ्याङ्कहरू प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्कहरू अवलोकन फारम, अन्तरवार्ता प्रश्नावलीहरूको आधारमा सङ्कलन गरिएको छ भने द्वितीय तथ्याङ्कहरूमा जि.वि.स को अभिलेख तथा पत्रपत्रिकाहरूबाट लिइएको छ ।

### ३.६. तथ्याङ्क विश्लेषण प्रक्रिया

अध्ययनका लागि प्राथमिक र सहायक स्रोतहरूबाट सङ्कलित तथ्याङ्कहरूलाई जस्ताको त्यस्तै प्रयोग गर्न सार्थक हुँदैन । सुरुमा सङ्कलन भएका तथ्याङ्कहरू कोरा अव्यवहारिक र अस्पष्ट हुन्छन् । त्यस्ता कोरा तथ्याङ्कहरूलाई आवश्यकता अनुसार प्रशोधन गरेर मात्र प्रयोग गर्नुपर्दछ । यस अध्ययन गुणात्मक भएको हुदाँ सम्बन्धित न.पा.तथा अनुसन्धानकर्ता र कार्यक्रम निरीक्षण, प्रशिक्षक र सहभागीहरूबाट प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त गरिएको तथ्याङ्कहरूलाई वर्णनात्मक रूपबाट व्याख्या विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

# तथ्याङ्कको व्याख्या तथा विश्लेषण

यस अध्ययन अनुसन्धानका लागि चितवन जिल्लामा अनौपचारिक शिक्षा अन्तर्गत सञ्चालनमा भएका सामुदायिक अध्ययनकेन्द्रबाट सञ्चालित जम्मा १० वटा अध्ययनकेन्द्रहरू मध्येमा उद्देश्यपूर्ण नमूना छनोट विधिका आधारमा ५ वटा अध्ययन केन्द्रलाई छनोट गरी प्रत्येक विद्यायबाट सम्भावना रहित नमूना छनोट विधिका आधारमा सहयोगी कार्यकर्ता, सहभागीहरू र निरीक्षक गरी जम्मा ३१ जनालाई यस अध्ययन अनुसन्धानको जनसङ्ख्याका रूपमा समावेश गरिएको  छ । नमूना छनौट मा परेका अध्ययन केन्द्रहरूका सम्बन्धित सहयोगी कार्यकर्ता, सहभागी एवम् निरीक्षकसँग प्रत्यक्ष अन्तरवार्ता, प्रश्नावलीबाट प्राप्त सूचनाहरू र स्थलगत भ्रमणबाट प्राप्त तथ्याङ्कलाई प्रस्तुत गरिएको छ । सही तथ्याङ्कको  आधारमा गरिएको व्याख्या र विश्लेषणबाट कुनै पनि विषय वा समस्याको बारेमा निष्कर्षमा पुग्न सजिलो हुन्छ । तिनै तथ्याङ्कको आधारमा सामुदायिक अध्ययन केन्द्रबाट सञ्चालित अनौपचारिक कक्षा केन्द्रहरूमा निरक्षरता उन्मूलन सम्बन्धी निम्नानुसार व्याख्या तथा विश्लेषण गरिएको छ :

## ४.१ अनौपचारिक शिक्षा कार्यक्रमको वर्तमान अवस्था

देशमा अझै पनि करिव ४० लाख भन्दा बढी मानिसहरू निरक्षर रहेको देखिन्छ । देशमा भएको निरक्षरताको यस्तो विकराल स्थितिलाई न्यूनीकरण गर्न अनौपचारिक शिक्षा अन्तर्गत सामुदायिक कक्षा केन्द्रहरूले निरक्षरता उन्मूलनका लागि ठाउँठाउँमा अनौपचारिक कक्षाकेन्द्रहरू खोलेर साक्षरता सम्बन्धी तालिम दिँदै आएको पाइन्छ ।

यस अध्ययन अनुसन्धानका लागि चितवन जिल्लामा अनौपचारिक शिक्षा अन्तर्गत सञ्चालनमा भएका सामुदायिक अध्ययनकेन्द्रबाट सञ्चालित जम्मा १० वटा अध्ययनकेन्द्रहरू मध्येमा उद्देश्यपूर्ण नमूना छनोट विधिका आधारमा ५ वटा अध्ययन केन्द्रलाई छनोट गरी प्रत्येक विद्यायबाट सम्भावना रहित नमूना छनोट विधिका आधारमा सहयोगी कार्यकर्ता, सहभागीहरू र निरीक्षक गरी जम्मा ३१ अनौपचारिक शिक्षा अन्तर्गत सञ्चालन भएका सामुदायिक अध्ययन केन्द्रहरूबाट सञ्चालित अध्ययनकेन्द्रमध्येमा ५ वटा अध्ययन केन्द्रमा तथ्यंक सङ्कलनका विभिन्न फारमहरूको अध्ययन गर्दा वडा कक्षा सञ्चालनको लागि सामुदायिक अध्ययन केन्द्रको अभाव भएको कारण स्वयम्सेवकहरूले आफ्नै घरको कोठा तथा वरण्डामा कक्षा सञ्चालन गरेको पाइयो ।

सहभागीहरूका लागि चाहिने पाठ्यसामग्रीहरू समयमा प्राप्त नभएको र कक्षा सञ्चालनका अन्तिम महिनामा वर्षाको समय भएकोले सहभागिको उपस्थिति एकदमै कम हुँदै गएको पाइयो । कक्षा सञ्चालन गर्ने स्थानको अभावका कारण सहभागीहरूले आफू बस्नकालागि चाहिने सुकुल अथवा कम्मल घरबाट नै बोकेर ल्याउनु पर्ने भन्ने जस्ता उत्तरहरू अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । समयको माग र बललिँदो परिवेशका कारण सहभागीहरू सिक्नका लागि निकै उत्सुक भएको र सामान्य लेखपढ गर्न जान्ने भइसकेका कुनै कुनै शिक्षार्थीहरूले पाठ्यपुस्तकहरू अझै स्तरीय भइदिए राम्रो हुन्थ्यो भन्ने गुनासो रहेको पाइयो । भरतपुर उपमहानगर पालिका अन्तर्गतका ५ वटा कक्षाकेन्द्रहरूमा अध्ययन अवलोकन गर्दा सबै कक्षाकेन्द्रहरूम सहभागीहरूको अत्याधिक चाप भएको, वस्ने स्थानको अभाव भएको र पाठ्यपुस्तकहरू अपुग भएको पाइयो ।

सञ्चालन भएका सबै कक्षाकेन्द्रहरूमा दिउसोको समयमा अध्यापन गराउँदै आएको पाइयो । दिउसोको समयमा कक्ष सञ्चालन भएकोले साक्षरता शिक्षा लिन चाहेर पनि घरको काम काजले गर्दा पढ्न नपाएको कतिपयको गुनासो पनि सुनियो । छनोटमा परेका विद्यालयहरूमा

धेरै जसो महिलाहरू आफ्नो स-सानो बन्द व्यापार सञ्चालन गर्ने भएकाले पढ्ने इच्छा लागेर पनि पढ्न नपाएको भन्ने जस्ता उत्तर समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । उपस्थित भएका सहभागीमध्ये धेरै जसोले पढ्न सक्ने तर लेख्न भने निकै गाह्रो हुने बताए । तीन महिनाको छोटो अवधिमा सहभागीलाई लेख्न र पढ्न सक्ने बनाउन गाह्रो हुने स्वयम्सेवकको आसय बुझियो । कक्षा केन्द्रहरूको आफ्नै भवन नभएको हुँदा कुनै कक्षा केन्द्रहरू सहयोगी कार्यकर्ताको घरमा, कुनै कक्षा केन्द्रहरू वडा कार्यालयमा सञ्चालन गरिएको हुँदा कतिपय कक्षाकेन्द्रहरूमा बस्ने ठाउँको अभावका कारण सिक्नका लागि असहजता भएको भन्ने जस्ता उत्तर समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । अनौपचारिक शिक्षा भएको हुँदा कुनै उमेर र पाठ्यक्रम नहुने स्वइच्छाले सिक्न पाइने भएको हुँदा अनौपचारिक कार्यक्रमले साक्षरता उन्मूलनका लागि प्रभावकारी भूमिका निर्वाह भएको छ भन्ने जस्ता उत्तरहरू छनोटमा परेका अध्ययन केन्द्रका सहयोगी कार्यकर्ता, निरीक्षक एवम् सहभागीबाट जानकारी प्राप्त भएको छ ।

### ४.१.१ निरक्षरता उन्मूलनका लागि सम्बन्धित निकायले खेल्दै आएको भूमिका

सफल निरक्षरता उन्मूलन अभियान सञ्चालन गर्न धेरै कुराको अवश्यकता पर्दछ र ती उत्कृष्ठ नै हुनु पर्दछ । साक्षरता अभियान सञ्चालन गर्ने गराउने जिम्मेवार निकायको रूपमा अनौपचारिक शिक्षा केन्द्र सानोठिमी भक्तपुर रहेता पनि यस अभियानमा सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, स्थानीय निकायहरू, राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू, युवावर्ग, वुद्धिजिवी, शिक्षक प्रध्यापक सबैको सक्रिय सहयोगको आवश्यकता पर्दछ । अभियान सफल रूपमा सञ्चालन गर्न एउटा मात्र निकाय सक्षम हुन सक्दैन यसमा सर्वपक्षीय सदासयता र कार्यान्वयनका लागि जिम्मेवार निकायहरू पनि सक्रियरहनु आवश्यक हुन्छ भन्ने जस्ता उत्तर मेत अध्ययन केन्द्रहरूका सहभागीहरूबाट जानकारी प्राप्त भएको थियो ।

अनौपचारिक शिक्षाका माध्यमबाट निरक्षरता उन्मूलनका सम्बन्धित पक्षहरूको भूमिका अपरिहार्य रहेको हुन्छ यिनै कुराहरूलाई दृष्टिगत गर्दै अनौपचारिक शिक्षा अन्तर्गतका निरक्षरता उन्मूलनका लागि सम्बन्धित पक्षहरूको भूमिकालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**क) केन्द्रीय समन्वय समितिको भूमिका**

अनौपचारिक शिक्षा कार्यक्रमलाई अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि नीति तर्जुमा गरी साक्षरतासँग सम्बन्धित विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्था तथा नागरिक समाजसँग समन्वय गर्ने जिम्मेवारी पनि केन्द्रिय समन्वय समितिको पर्दछ । अनौपचारिक कार्यक्रम सुचारु रूपले सञ्चालन भएको अनुगमन गरी निर्देशन दिने भूमिका पनि समन्वय समिति कै रहेको छ ।

**घ) अनौपचारिक कक्षाकेन्द्रका समितीहरूको भूमिका**

साक्षरता अभियान कार्यक्रमको तल्लो निकायको रूपमा रहेको गाउँ तथा नगर स्तरीय सक्षरता अभियान समितिले कक्षा सञ्चालनका लागि अनौपचारिक कक्षाकेन्द्रका लागि स्वयम सेवक नियुक्ति एवम् स्थानीय निरीक्षकको नियुक्ति का लागि सीफारिस गर्दछ । छनौट भएका स्वयमसेवकहरूले तथ्याकं सङ्कलन गर्ने, विश्लेषण गर्ने अभिलेख राख्ने र साक्षरता केन्द्र माग गर्ने गर्दछन् । स्वयम्सेवकहरूको तालिमको व्यवस्था गर्ने, कक्षा सञ्चालनको लागि उपयुक्त स्थान छनौट गर्ने, साक्षरता कक्षाको नियममित अनुगमन गर्ने, गा.वि.स. र नगरपालिका भित्र सञ्चालन भएका कक्षाहरूको मासिक प्रतिवेदन जिशिका र जिविसमा पठाउने, स्वयम्सेवकको प्रोत्साहन भत्ता भुक्तानी गर्ने अभियानका लागि चेतना मूलक जनजागरण कार्यक्रम सञ्चालन गर्ने । साक्षरता अभियानमा खर्च भएको रकमको सामाजिक लेखा परीक्षण गर्ने र साक्षरता अभियान सञ्चालन गर्नका लागि सामूदायिक अध्ययन केन्द्रलाई परिचालन गर्ने जिम्मेवारी यसै समितिको रहेको  तथ्य समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तलाई आधार मानेर तयार पारिएको प्रस्तुत शोधपत्रमा सिद्धान्त अनुसार व्याख्या एवम् विश्लेषण गर्दा छनोटमा परेका अध्ययन स्थलमा अनौपचारिक अवस्थालाई हेर्दा कुनै पनि व्यक्तिको आधारभूत आवश्यकता माहान हुन्छ भनेर मास्लोल व्याख्या गरे जस्तै अनौपचारिक शिक्षाका माध्यमले सहभागीहरु साक्षर हुन अवसर पाएको, पढ्न लेख्न नजान्नेहरुले पनि आफ्नो घरयासी हिसाब राख्न सक्ने भएको भन्ने जस्ता तथ्यहरु प्राप्त भएको थियो भने अनौपचारिक शिक्षाका माध्यमबाट आफूहरुले ज्ञान आर्जन गर्नका लागि आफूहरुमा रहेका आधारभूत आवश्यकताहरु जस्तै घरयासी कामधन्दा, समयको व्यवस्थापन जस्ता कुराहरुले गर्दा सिकाइ क्रियाकलापमा असहजता भएको भन्ने जस्ता उत्तर समेत अध्ययनका क्रममा छनोटमा परेका उत्तरदाताबाट जानकारी प्राप्त भएको छ।

## ४.२ निरक्षरता उन्मूलन अभियानमा अनौपचारिक शिक्षा कार्यक्रमको प्रभाव

भौगोलिक दृष्टिकोणबाट हेर्दा पनि साक्षरताको अवस्था कहाली लाग्दो देखिन्छ । सुदुरपश्चिम र मध्यपश्चिम विकास क्षेत्र र तराईका विभिन्न ठाउँहरू यस्ता छन् जहाँ निरक्षरता व्याप्त छ । साक्षरताको अवस्था गाउँ र शहर बीच पनि त्यक्तिकै असन्तुलित छ । गाउँको साक्षरता दर शहर भन्दा २० प्रतिशतले कम देखिन्छ । यो एउटा ठूलो फरक हो यसले पनि गाउँ र शहर बीचको दुरी बढाउँछ । जुन ग्रमीण विकासको सन्दर्भमा नकारात्मक पक्ष हो । यस्ता सम्पूर्ण परिवेशहरूलाई मनन गरेर साक्षरता अभियान सञ्चालन गर्ने सरकारी प्रयासले अवस्य पनि सफलता पाउला भन्न सकिन्छ ।

अनुसन्धानका क्रममा छनौटमा परेको भरतपुर नगरपालिका भित्र रहेका विभिन्न वडा हरूमा सञ्चालन भएका कक्षाहरूको अवलोकन गर्ने क्रममा कक्षा सञ्चालन भएका क्षेत्र वरिपरिका व्यक्तिहरूसँग साक्षरता अभियान प्रतिको धारणा के कस्तो छ भनि प्रत्यक्ष भेटघाट गरी अन्तरवार्ता गरिएको थियो । सोधपुछका क्रममा त्यहाँका वुद्धिजिवी एवम् राजनीतिक

व्यक्तिहरू, शिक्षक, व्यापारी र अन्य सम्बन्धित व्यक्तिहरूसँग साक्षरता अभियानका सन्दर्भमा बुझ्दा सकारात्मक धारणा पाइयो । सामाजमा रहेका असङ्ख्य निरक्षरहरूलाई साक्षर वनाएर सामान्य हर हिसाब गर्न र साधारण लेखपढ गर्न सक्ने, आवश्यक परेको ठाउँमा आफ्नो सही आफै गर्न सक्ने अरुमा भर पर्न नपर्ने, समाजमा भएको अन्धविश्वास र रुढीवादी परम्परा प्रतिको धारणामा परिवर्तन ल्याउने, प्रचारप्रसार गर्ने, त्यसैगरी समाजका विशिष्ट श्रेणीमा रहेका व्यक्तिहरूको अभिमत यस प्रकारको रहेको पाइयो । सरकारले निरक्षरता उन्मूलनका लागि अनौपचारिक शिक्षालाई अभियानका रूपमा सञ्चालन गरी देशको विशम परिस्थितिका वावजुद पनि हालका वर्षहरूमा निरन्तरता दिंदै आउनु अत्यन्त राम्रो पक्ष रहेको तथ्य समे तअध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । सर्वप्रथम साक्षरता शिक्षा सञ्चालन गर्नको लागि निरक्षरहरूको वास्तविक तथ्याङ्क पत्ता लगाउने लक्षित वर्गको सही पहिचान गर्ने, साक्षरता अभियानका बारेमा प्रचार प्रसार गर्न, साक्षर वनि सकेकाहरूलाई साक्षरोत्तर शिक्षा प्रदान गर्ने, विभिन्न सीपमूलक कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक भएको राय अध्ययनका क्रममा प्राप्त भएको थियो । शिक्षा नै हरेक उन्नतिको मूहान हो । साक्षर वन्न पाउनु हरेक नागरिकहरूको आधारभूत मानव अधिकार हो र प्रत्येक नागरिकलाई साक्षर वनाउनु राष्ट्रको दायित्व हो । मास्लोको आवश्यकताको श्रृङ्खला सम्बन्धित सिद्धान्तको अध्ययन गर्दा यदि साक्षरता शिक्षालाई व्यक्तिको आधारभूत आवश्यकताका रूपमा लिएर अनौपचारिक शिक्षालाई प्रभाकारी बनाउन सकेका खण्डमा यसले अझबढी सफलता पाउन सक्ने उत्तरहरू अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

निरक्षरता उनमूलन गर्नका लागि सञ्चालन गरिएको साक्षरता अभियानलाई प्रभाकारी रूपमा कार्यान्वयन गर्ने यससँग सम्बन्धित निकायहरूलाई सक्रिय बनाउनु पर्दछ । हाम्रो देशको परिवेशमा हेर्दा केन्द्रीय स्तरमा वनेको योजनाहरू अत्यन्त राम्रा छन् तर कार्यान्वय पक्ष भने निकै फितलो देखिन्छ । यस्तैगरी निर्माण गरिएका कतिपय योजनाहरू केवल योजनामा मात्र सिमीत रहेका छन् । यसको प्रमुख कारण भनेको केन्द्रीय देखि स्थानीय स्तर सम्मका विभिन्न

निकायहरू बीचको सह सम्बन्ध र पारदर्शिताको अभाव हुनु हो । योजनाहरूले स्थानीय स्तरको आवश्यकता र परिवेशलाई समेट्न सकेको हुँदैन । जसका कारण योजनाहरू असफल हुँदै जान्छन् । यही कुरालाई मध्यनजर गरेर नेपाल सरकारले २०६५।०६६ देखि साक्षरता अभियान प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि स्थानीय निकायहरू गा.वि.स. र नगरपालिकालाई परिचालन गरेको पाइयो । जसको सम्बन्ध प्रत्यक्ष रूपमा स्थानीय स्तरसँग रहेको हुन्छ ।

हाम्रो समाज विभिन्न जाति-जनजाति, दलित महिला, अपाङ्ग र विभिन्न वर्गीय सम्रचनामा समिश्रण भएको समाज हो । समाजमा अन्धविश्वास, छुवाछुत, उचनिच, धनि गरिव र महिला पुरुष बीच पनि विभेद छ । समाजमा भएका यस्ता कुरुतीहरू हटाउन समाजका सम्पूर्ण व्यक्तिहरू साक्षर हुनु आवश्यक छ । साक्षरताले नै व्यक्तिको व्यवहारमा परिवर्तन ल्याउँछ । देश विकासको पहिलो आधार भनेको त्यस देशको जनताको साक्षरताको स्थिति हो । यी कुराहरूलाई मध्यनजर गरेर सरकारले विगत २०६५ देखि यो अभियान सञ्चालन गर्दै आएको छ । “अक्षर चिनौ सभ्य वनौं” भन्ने नाराका साथ अभियान सञ्चालन गरिएको छ । समाजमा भएका विभिन्न जाति जनजाति तथा विपन्नवर्ग, आदिवासी, महिला जो विद्यालयको शिक्षाबाट विमुख छन्, शैक्षिक पहुँचबाट टाढा रहेका छन् । उनीहरूलाई लक्षित गरेर अभियान सञ्चालन गरिएको छ ।

अनौपचारिक शिक्षा अन्तर्गत सञ्चालन भएका कक्षाकेन्द्रहरूमा सहभागी भएका सहभागीहरूको सङ्ख्यालाई हेर्दा कक्षा केन्द्र १ मा महिला १८ र पुरुष ७ गरी जम्मा २५ जना, कक्षा केन्द्र २ मा १७ महिला र ९ पुरुष सहित २६ जना, कक्षा केन्द्र ३ मा २२ महिला र ७ पुरुष सहित २९ जना, कक्षा केन्द्र ४ मा २४ महिला र ३ पुरुष सहित जम्मा २७ जना र कक्षाकेन्द्र ५ मा १६ महिला र ४ पुरुष सहित जम्मा २० जना सहभागी रहेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । छनोटमा परेका कक्षाकेन्द्रहरूमा

अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर गरिएको छलफल तथा अवलोकन अनुसार निरक्षरता उन्मूलनमा अनौपचारिक शिक्षालाई प्रभाव पार्ने तत्वहरूको बारेमा निम्नानुसार विश्लेषण गरिएको छ :

### ४.२.१ आर्थिक अवस्था

अनौपचारिक कक्षाकेन्द्र अन्तर्गक निरक्षरता उन्मूलन गर्ने अभिप्रायले सञ्चालन भएको यस साक्षरता कार्यक्रममा उमेरले समय काटिसकेका विद्यालय जाने उमेर समय नभएका, घरयासी कामधन्दाले गर्दा विहान बेलुकाको समय दिन नसक्ने प्रौढ तथा युवाहरूका लागि अनौपचारिक शिक्षा अन्तर्गत सञ्चालन गरिएका कक्षा केन्द्रहरूले साक्षरता बन्नका लागि अभिप्रेरणा दिएको छ भन्ने जस्ता उत्तरहरू छनोटमा परेका विद्यालयका सहभागी, सहयोगी कार्यकर्ता तथा स्थानीय बुद्धिजिसँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको भए पनि कक्षा केन्द्रको सञ्चालन गर्नका लागि सरकारले दिने अनुदान रकम अत्यन्त न्यून रहेको हुँदा कमजोर आर्थिक अवस्था रहँदा प्रभावकारी ढङ्गबाट अनौपचारिक शिक्षा सञ्चालन गर्न नसकिने र कुनै पनि कार्यक्रमलाई प्रभाकारी ढङ्गबाट सञ्चालन गर्नका लागि आर्थिक अवस्थाले प्रभावकारी भूमिका निर्वाह गर्ने गरेको हुन्छ भन्ने जस्ता उत्तरहरू छनोटमा परेका कक्षा केन्द्रहरूमा सहयोगी कार्यकर्ता, कार्यक्रम सञ्चालकसँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ ।

### ४.२.२ समय

छनोटमा परेका अध्ययन स्थलमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर अनौपचारिक गरिएको अध्ययन अनुसन्धान अनुसार अनौप चारिक कार्यक्रमको समयले पनि कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि प्रमुख भूमिका खेलेको हुन्छ भन्ने जस्ता उत्तरहरू प्राप्त भएको थियो । कार्यक्रमको समयमा लामो अवधिको हुन सकेका खण्डमा अझ प्रभावकारी हुन सक्ने भन्ने जस्ता उत्तर समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

### ४.२.३ निरीक्षण एवम् अनुगमन

कार्यक्रमलाई प्रभाव पार्ने तत्व अन्तर्गत छलफल तथा अन्तरक्रिया पनि एक अपरिहार्य तत्वका रूपमा लिने सकिने तथ्य अध्ययनका लागि  छनोटमा परेका कक्षाकेन्द्रहरूका सहभागी, सहयोगी कार्यकर्ताहरूबाट जानकारी प्राप्त भएको थियो । समय समयमा निरीक्षण एवम् अनुगमन कार्य हुँदा त्यहाँको गतिविधिको बारेमा जानकारी प्राप्त हुन सक्नुका साथै देखिएका कमीकमजोरी औंल्याएर सुधारका उपायहरू अपनाउनका लागि समेत सहज हुनसक्ने भन्ने जस्ता उत्तरहरू अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

मास्लोको आवश्यकतामा आधारित सिद्धान्तलाई आधार बनाएर तयार गरिएको प्रस्तुत शोधपत्रमा प्राप्त तथ्य अनुसार अनौपचारिक शिक्षालाई प्रभवाकारी बनाएर निरक्षरता उन्मूलन गर्नका लागि समय, आर्थिक पक्ष एवम् छलफल अन्तरक्रिया जस्ता तत्वहरूलाई प्रभावकारी तत्वका रूपमा लिन सकिने तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

## ४.३  अनौपचारिक कार्यक्रमको व्यवस्थापन गर्दा देखिएका समस्याहरू

अनुसन्धानका क्रममा छनौटमा परेका कक्षाकेन्द्रहरूमा अनौपचारिक कक्षा केन्द्रका संयोजक, निरीक्षक, स्थानीय बुद्धिजिवी सहयोगी कार्यकर्ता, र सहभागीसँग अनौपचारिक कार्यक्रममा देखिएका समस्याहरूको पहिचान गर्नका लागि अनुसूचीमा उल्लेखित अन्तरवार्ता प्रश्नावली भराई सोही अनुसार तथ्य सङ्कलन गरिएको थियो । जसबाट प्राप्त तथ्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.३.१  शिक्षा क्षेत्रमा दलगत राजनीतिको बढ्दो हस्तक्षेप

वर्तमान अवस्थालाई हेर्दा शिक्षा क्षेत्रमा राजनीतिक हस्तक्षेप अत्यन्त बढेर गएको पाइन्छ । निरक्षरता उन्मूलन गर्नका लागि चलाइएका अनौपचारिक कार्यक्रम तथा साक्षरता अभियान पनि राजनैतिक इच्छा शक्तिबाट अगाडी बढेको पाइन्छ । अभियानको सफल कार्यान्वयन र

निरक्षरता उन्मूलन गर्ने लक्ष्य भन्दा पनि आ-आफ्ना दलका मानिसहरूलाई रोजगार दिनका लागि अभियानलाई निरन्तरता दिइएको भन्ने जस्ता उत्तर समेत अध्ययन स्थलका सहभागी एवम् सहयोगी कार्यकर्ताबाट जानकारी प्राप्त भएको थियो । डेढदशक देखि कार्यक्रम चलाएर आएका अनुभवि गै.स.स. हरूलाई वहिर गरिएको छ । स्थानीय निरीक्षक र साक्षरता स्वयम्सेवकको नियुक्ति पनि दलीय स्वार्थको भरमा भएको छ भन्ने जस्ता उत्तरहरू अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

### ४.३.२ कार्यक्रम समयमा सञ्चालन हुन नसक्नु

सञ्चालन गर्ने भनि केन्द्रीय स्तरबाट स्थानीय स्तरमा जिम्मेवारी सुम्पिए पनि कार्यक्रमले समायमा सञ्चालन हुन नसक्दा एउटै जिल्लामा पनि एक समयमा कार्यक्रम सञ्चालन हुन नसकेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । एउटै खालको कार्यक्रम सबै ठाउँमा एकैपटक हुन नसक्दा त्यसका लागि आवश्यक सामग्री एवम् निरीक्षण एवम् अनुगमन कार्य पनि प्रभावकारी हुन नसकेको भन्ने जस्ता उत्तरहरू छनोटमा परेका अध्ययन स्थलका उत्तरदाताहरूबाट जानकारी प्राप्त भएको छ ।

### ४.३.३ प्रचार प्रसार प्रभवाकारी ढङ्गबाट हुन नसक्नु

अनौपचारिक कार्यक्रमबाट निरक्षरता उन्मूलन गर्नका लागि विभिन्न अनौपचारिक कक्षा केन्द्रको सञ्चालन भएको भए पनि त्यसको प्रचार प्रसारमा त्यति व्यापकता हुन नसकेको । प्रचार प्रसारका लागि विभिन्न क्लव, सामुदायिक संघसंस्था र अध्ययन केन्द्रहरूबाट जनचेतना मूलक कार्यक्रमहरू सञ्चालन गरिएको छ भनिएता पनि कतिपय व्यक्तिहरूलाई अभियान के हो ? कसका लागि हो भन्ने समेत थाहा नभएको कुरा स्थलगत भ्रमणबाट प्रप्त भएको थियो । प्रचार प्रसारको कमीका कारण कतीपय कक्षाकेन्द्रहरूमा सहभागीहरूको उपस्थिति ज्यादै न्यून रहेको पाइयो ।

### ४.३.४ सही तथ्याङ्क प्राप्त नहुनु

अनौपचारिक कार्यक्रम मार्फत साक्षरता अभियान सञ्चालन गर्नु भन्दा पहिले वास्तविक निरक्षरहरूको सङ्ख्या पत्ता लगाउनु जरुरी हुन्छ । तथ्याङ्क सङ्कलन प्रक्रिया सबै भन्दा पहिलो कार्य हो । सङ्कलन गरिएको तथ्याङ्क स्पष्ट, शुद्ध र वास्तविक हुन आवश्यक छ । नत्र अभियानको लक्ष्य पूरा हुन सक्दैन । यस्ता तथ्याङ्कहरू हचुवाको भरमा सङ्कलन गर्न हुँदैन । साक्षरता स्वयं सेवकले तथ्य सङ्कलन गर्दा वास्तविकता नबुझिकन वडा कार्यालयका आधारमा तथ्य सङ्कलन गर्ने गरेको भन्ने जस्ता उत्तर समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

### ४.३.५ सम्पूर्ण निकायबीच समन्वय हुन नसक्नु

केन्द्र देखि स्थानीय स्तरका सम्पूर्ण निकायहरू बीच समन्वय हुन नसक्नु नै निरक्षरता उन्मूलन कार्यमा अनौपचारिक शिक्षाको मुख्य समस्या रहेको तथ्य अध्ययनका क्रममा छनोटमा परेका उत्तरदाताहरूबाट जानकारी प्राप्त भएको छ ।

### ४.३.६  नीति नियम अनुसार तालिमको व्यवस्था हुन नसक्नु

कुनै पनि शिक्षक तथा कर्मचारीको कार्यदक्षता वृद्धि गर्ने माधयम तालिम भएकोले साक्षरता स्वयम्सेवकहरूलाई आवश्यकता अनुसार र निर्देशिकामा उल्लेख भए अनुसारको तालिम प्रदान गर्न हुन नसक्दा निरक्षरता उन्मूलनमा अनौपचारिक शिक्षा कार्यक्रमलाई पप्रभावकारी बनाउन नसकिएको भन्ने जस्ता उत्तरहरू अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

### ४.३.७ अनुगमन र निरीक्षण  प्रभावकारी हुन नसक्नु

कुनै पनि कार्यको लागि सही मूल्यांकन भएन भने त्यसको प्राप्ति पनि के कति भयो त्यसको जानकारी पाउन गाह्रो पर्दछ । साक्षरता कक्षाहरूको निरीक्षण कार्य तीव्र हुनु जरुरी छ । निरीक्षकले आफ्नो जिम्मेवारी सम्झनु पर्ने हुन्छ । सहयोगी कार्यर्तासँग सोधेर अथवा

सामान्य रूपमा टाढैबाट अड्कल गरेर  तथ्य सङ्कलन गर्ने, समय समयमा निरीक्षण एवम् अनुगमन नगर्ने जस्ता समस्याले गर्दा निरक्षरता उन्मूलनका लागि अनौपचारिक शिक्षा प्रभावकारी हुन नसकेको तथ्य प्राप्त भएको छ ।

### ४.३.८ सामुदायिक अध्ययन केन्द्रको व्यवस्था हुन नसक्नु

साक्षरता अभियान सञ्चालन गर्ने थलो समाज भएकोले प्रत्येक वडामा १।१ वटा सामुदायिक अध्ययन केन्द्र हुनु आवश्यक रहेको,  सामुदायिक अध्ययन केन्द्रले मुख्य गरी समुदायका मानिसहरू खासगरी महिला, पिछडिएको वर्ग जनजाति एवम् अल्प संख्ययक वर्गलाई लक्षित गरी उनीहरूको व्यक्तिगत, सामाजिक र आर्थिक विकासमा मद्दत पुऱ्याउने भएकाले साक्षरता सम्बन्धी कक्षा पनि यहि केन्द्र मार्फत सञ्चालन गर्दा प्रभावकारी हुने देखिन्छ । छनोटमा परेको अध्ययन स्थलमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर गरिएको छलफल, अन्तरक्रिया एवम् अनुसूचीमा उल्लेखित प्रश्नावलीका आधारमा प्राप्त तथ्य अनुसार कतिपय कक्षाकेन्द्रहरू सहयोगी कार्यकर्ताको घरमा सञ्चालन गर्नु पर्ने व्यवस्था रहेको, कतिपय अवस्थामा हावा, हुरी बतास एवम् वर्षादका समयमा कक्षा न बन्द गर्नु पर्ने जस्ता समस्याहरू रहेको तथ्य प्राप्त भएको छ ।

### ४.३.९  सेवा सुविधामा वृद्धि गर्नु पर्ने

काम गर्ने व्यक्तिका लागि उसले गरेको काम र दिएको समयका आधारमा पारिश्रमिक प्रदान गर्ने कुरा न्याय सङ्गत देखिन्छ । साक्षरता अभियानका लागि छुट्याइएको १ अर्व ४ करोड बजेटलाई नियाल्दा साक्षरता स्वयमसेवकलाई दिइने सेवा सम्बन्धी भत्ता अत्यन्त न्यून छ । स्वयम् सेवकलाई दिइने सेवा सुविधा अति न्यून रहँदा कार्यक्रममा सहभागी भएर प्रभावकारी ढङ्गबाट शिक्षण नगरेको हुँदा कार्यक्रम प्रभावकारी नभएको भन्ने उत्तर समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

### ४.३.१० पाठ्य सामग्रीहरू समयमा नै उपलब्ध हुन नसक्नु

शिक्षण सिकाइको महत्वपूर्ण पाटो भनेको शैक्षिक सामग्रीहरू हुन् । साक्षरता शिक्षाका लागि सहभागीहरूलाई दिइने पाठ्यपुस्तक कापी, कलम समयमा नै उपलब्ध गराउनु पर्ने हुन्छ । पाठ्य सामग्रीहरूलाई शिक्षण सिकाइका साधनका रूपमा प्रयोग गरिने भएकाले यस्ता साधनहरू आवश्यकता अनुसार समयमा नै उपलब्ध गराउन सम्बन्धित सम्बन्धित पक्ष असक्षम रहेकै कारणले गर्दा अनौपचारिक शिक्षा कार्यक्रममा समस्या सृजना भएको छ भन्ने जस्ता उत्तरहरू छनोटमा परेका कक्षाकेन्द्रका सहयोगी कार्यकता तथा सहभागीहरूबाट जानकारी प्राप्त भएको छ ।

मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तलाई आधार मानेर तयार गरिएको प्रस्तुत शोधपत्रमा मास्लोको भनाइ अनुसार नै मानिसका आवश्यकताहरू असिमित हुन्छन् र ती असिमित आवश्यकताहरूको पूरा गर्न क्रममा आवश्यकताको प्राथमिकताका आधारमा सर्बप्रथम आधारभूत आवश्यकतालाई पूरा गर्नु पर्ने तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । छनोटमा परेको अध्ययन स्थलमा पाठ्य सामग्रीहरू समयमा नै उपलब्ध हुन नसक्नु सेवा सुविधामा वृद्धि गर्नु पर्ने, सामुदायिक अध्ययन केन्द्रको व्यवस्था हुन नसक्नु, अनुगमन र निरीक्षण प्रभवाकारी हुन नसक्नु, नीति नियम अनुसार तालिमको व्यवस्था हुन नसक्नु, सम्पूर्ण निकायबीच समन्वय हुन नसक्नु, सही तथ्याङ्क प्राप्त नहुनु भन्ने जस्ता उत्तर प्राप्त भएको छ ।

### ४.४ अनौपचारिक कार्यक्रमको व्यवस्थापन गर्दा देखिएका समस्याको समाधानका उपायहरू

अनुसन्धानका क्रममा छनौटमा परेका कक्षाकेन्द्रहरूमा अनौपचारिक कक्षा केन्द्रका संयोजक, निरीक्षक, स्थानीय बुद्धिजिवी सहयोगी कार्यकर्ता, र सहभागीसँग अनौपचारिक कार्यक्रममा देखिएका समस्याहरूको समाधानका रूपमा छुट्टा छुट्टै रूपमा अन्तरवार्ता प्रश्नावली भराई

सोही अनुसार नतिजा पहिचान गरिएको थियो । जसबाट प्राप्त तथ्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.४.१ शिक्षा क्षेत्रमा दलगत राजनीतिको बढ्दो हस्तक्षेपको न्यूनीकरण गरिनुपर्ने

वर्तमान अवस्थालाई हेर्दा शिक्षा क्षेत्रमा रानीतिक हस्तक्षेप अत्यन्त बढेर गएको पाइन्छ । निरक्षरता उन्मूलन गर्नका लागि चलाइएका अनौपचारिक कार्यक्रम तथा साक्षरता अभियान पनि राजनैतिक इच्छा शक्तिबाट अगाडी बढेको पाइन्छ । अभियानको सफल कार्यान्वयन र निरक्षरता उन्मूलन गर्ने लक्ष्य भन्दा पनि आ-आफ्ना दलका मानिसहरूलाई रोजगार दिनका लागि अभियानलाई निरन्तरता दिइएको भन्ने जस्ता उत्तर समेत अध्ययन स्थलका सहभागी एवम् सहयोगी कार्यकर्ताबाट जानकारी प्राप्त भएको थियो ।  डेढदशक देखि कार्यक्रम चलाएर आएका अनुभवि गै.स.स. हरूलाई वहिर गरिएको छ । स्थानीय निरीक्षक र साक्षरता स्वयम्सेवकको नियुक्ति पनि दलीय स्वार्थको भरमा भएको छ भन्ने जस्ता कमी कमजोरीको विश्लेषण गर्दै शिक्षा क्षेत्रमा दलगत राजनीतिको बढ्दो हस्तक्षेप न्यूनीकरण हुन सकेका खण्डमा अनौपचारिक कार्यक्रमलाई प्रभावकारी बनाएर निरक्षरता उन्मूलन गर्नका लागि सहयोग पुग्ने तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

### ४.४.२ कार्यक्रम समयमा सञ्चालन गर्नु पर्ने

सञ्चालन गर्ने भनि केन्द्रीय स्तरबाट स्थानीय स्तरमा जिम्मेवारी सुम्पिए पनि कार्यक्रमले समायमा सञ्चालन हुन नसक्दा एउटै जिल्लामा पनि एक समयमा कार्यक्रम सञ्चालन हुन नसकेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।  एउटै खालको कार्यक्रम सबै ठाउँमा एकैपटक हुन सकेको खण्डमा त्यसका लागि आवश्यक सामग्री एवम् निरीक्षण एवम् अनुगमन कार्य पनि प्रभावकारी हुन सक्ने भन्ने जस्ता उत्तरहरू छनोटमा परेका अध्ययन स्थलका उत्तरदाताहरूबाट जानकारी प्राप्त भएको छ ।

### ४.४.३ व्यापक प्रचार प्रसार गरिनु पर्ने

अनौपचारिक कार्यक्रमबाट  निरक्षरता उन्मूलन गर्नका लागि विभिन्न अनौपचारिक कक्षा केन्द्रको सञ्चालन भएको भए पनि त्यसको प्रचार प्रसारमा त्यति व्यापकता हुन नसकेको । प्रचार प्रसारका लागि विभिन्न क्लव, सामुदायिक संघसंस्था र अध्ययन केन्द्रहरूबाट जनचेतना मूलक कार्यक्रमहरू सञ्चालन गरिएको छ भनिएता पनि कतिपय व्यक्तिहरूलाई अभियान के हो ? कसका लागि हो भन्ने समेत थाहा नभएको कुरा स्थलगत भ्रमणबाट प्रप्त भएको थियो । प्रचार प्रसारको कमीका कारण कतीपय कक्षा केन्द्रहरूमा सहभागीहरूको उपस्थिति ज्यादै न्यून रहेको पाइयो । प्रचार प्रसारमा व्यापकता ल्याउनका लागि  कक्षा सञ्चालनको पहिलो दिनलाई उत्सवको रूपमा मनाउन विभिन्न स्थानीय संघ संस्था, गा.वि.स. र जि.वि.स., जि.शि.का, आमा समूह, नागरिक समाज, वुद्धिजिवी, गा.वि.स. तथा नगरपालिकाका शिक्षक एवम् विद्यार्थी, राजनैतिक दललाई परिचालन  गर्न सकेका खण्डमा कार्यक्रम थप प्रभावकारी हुन सक्ने तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

### ४.४.४ सही तथ्याङ्क प्राप्त हुनुपर्ने

अनौपचारिक कार्यक्रम मार्फत साक्षरता अभियान सञ्चालन गर्नु भन्दा पहिले वास्तविक निरक्षरहरूको सङ्ख्या पत्ता लगाउनु जरुरी हुन्छ । तथ्याङ्क सङ्कलन प्रक्रिया सबै भन्दा पहिलो कार्य हो । सङ्कलन गरिएको तथ्याङ्क स्पष्ट, शुद्ध र वास्तविक हुन आवश्यक छ । नत्र अभियानको लक्ष्य पूरा हुन सक्दैन । यस्ता तथ्याङ्कहरू हचुवाको भरमा सङ्कलन गर्न हुँदैन । तथ्याङ्क संकल गर्दा वडा कार्यालयको सहयोगमा गरेको पाइएको हुँदा सही आँकडा लिएर सोही अनुसार उचित व्यवस्थापन गरी कक्षा सञ्चालन हुन सकेको खण्डमा भोलिका दिनमा अनौपचारिक शिक्षाका माध्यमबाट निरक्षरता उन्मूलनमा थप सहयोग पुग्न सक्ने तथ्य अध्ययनका क्रममा जनकारी प्राप्त भएको छ ।

### ४.४.५ सम्पूर्ण निकायबीच समन्वय हुनु पर्ने

केन्द्र देखि स्थानीय स्तरका सम्पूर्ण निकायहरू बीच समन्वय हुनु जरुरी छ । अभियान सञ्चालन गर्दा स्थानीय स्तरमा केवल जिम्मेवारी मात्र थुपार्ने कार्य गर्नु हुँदैन । आवश्यकता अनुसार सल्लाह, सुझाव सहयोग र सञ्चार गर्नु पर्दछ ।फलस्वरूप कार्यक्रममा देखिएका कमी कमजोरीको न्यूनीकरण गरी उचित सुधारका लागि सहयोग पुग्दछ भन्ने जस्ता उत्तरहरू अध्ययनका क्रमा जानकारी प्राप्त भएको छ ।

### ४.४.६ नीति नियम अनुसार तालिमको व्यवस्था गनु पर्ने

कुनै पनि शिक्षक तथा कर्मचारीको कार्यदक्षता वृद्धि गर्ने माधयम तालिम भएकोले साक्षरता स्वयम्सेवकहरूलाई आवश्यकता अनुसार र निर्देशिकामा उल्लेख भए अनुसारको तालिम प्रदान गर्न आवश्यक छ । तालिमले व्यक्तिलाई सक्षम बनाउने र काममा जोश जाँगर वृद्धि गर्ने भएकाले तालिमको उचित व्यवस्था हुनु जरुरी रहेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

### ४.४.७ अनुगमन र निरीक्षण कार्यमा वृद्धि गर्नु पर्ने

कुनै पनि कार्यको लागि सही मूल्याङ्कन भएन भने त्यसको प्राप्ति पनि के कति भयो त्यसको जानकारी पाउन गाह्रो पर्दछ । साक्षरता कक्षाहरूको निरीक्षण कार्य तीव्र हुनु जरुरी छ । निरीक्षकले आफ्नो जिम्मेवारी सम्झनु पर्ने हुन्छ । सहयोगी कार्यर्तासँग सोधेर अथवा सामान्य रूपमा टाढैबाट अड्कल गरेर गरेर जानकारी राख्नु भन्दा कक्षा सञ्चालन भएकै ठाउँमा गई निरीक्षण गरेमा कक्षा सञ्चालनमा प्रभावकारीता हुन सक्दछ भन्ने जस्ता उत्तरहरू छनोटमा परेका कक्षा केन्द्रका सहयोग कार्यकर्ताबाट जानकारी प्राप्त भएको छ ।

### ४.४.८ सामुदायिक अध्ययन केन्द्रको व्यवस्था गरिनु पर्ने

साक्षरता अभियान सञ्चालन गर्ने थलो समाज भएकोले प्रत्येक वडामा १ १ वटा सामुदायिक अध्ययन केन्द्र हुनु पर्ने हुन्छ । सामुदायिक अध्ययन केन्द्रले मुख्य गरी समुदायका मानिसहरू

खासगरी महिला, पिछडिएको वर्ग जनजाति एवम् अल्प सङ्ख्ययक वर्गलाई लक्षित गरी उनीहरूको व्यक्तिगत, सामाजिक र आर्थिक विकासमा मद्दत पुऱ्याउने भएकाले साक्षरता सम्बन्धी कक्षा पनि यहि केन्द्र मार्फत सञ्चालन गर्दा प्रभावकारी हुने देखिन्छ । तसर्थ प्रत्येक वडाहरूमा यस्ता सामुदायिक अध्ययन केन्द्रहरू स्थापना गर्न सरकारले दिने अनुदान वृद्धि गर्नु पर्ने हुन्छ । छनोटमा परेको अध्ययन स्थलमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर गरिएको छलफल, अन्तरक्रिया एवम् अनुसूचीमा उल्लेखित प्रश्नावलीका आधारमा प्राप्त तथ्य अनुसार कतिपय कक्षाकेन्द्रहरू सहयोगी कार्यकर्ताको घरमा सञ्चालन गर्नु पर्ने व्यवस्था रहेको, कतिपय अवस्थामा हावा, हुरी बतास एवम् वर्षादका समयमा कक्षा न बन्द गर्नु पर्ने जस्ता समस्याहरू रहेको हुँदा सामुदायिक अध्ययन केन्द्रको स्थापना गरी त्यही नै कार्यक्रम सञ्चालन गर्ने गर्न सकेका खण्डमा भोलिका दिनमा अनौपचारिक शिक्षाका माध्यमबाट निरक्षरता उन्मूलनमा थप सहयोग पुग्ने भन्ने जस्ता उत्तरहरू अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

### ४.३.९ सेवा सुविधामा वृद्धि गर्नु पर्ने

काम गर्ने व्यक्तिका लागि उसले गरेको काम र दिएको समयका आधारमा पारिश्रमिक प्रदान गर्ने कुरा न्याय सङ्गत देखिन्छ । साक्षरता अभियानका लागि छुट्याइएको १ अर्व ४ करोड बजेटलाई नियाल्दा साक्षरता स्वयमसेवकलाई दिइने सेवा सम्बन्धी भत्ता अत्यन्त न्यून छ । अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि स्वयम् सेवकको सेवा सुविधामा वृद्धि गर्नु पर्ने देखिन्छ ।

### ४.३.१० पाठ्य सामग्रीहरू समयमा नै उपलब्ध गराइनु पर्ने

शिक्षण सिकाइको महत्वपूर्ण पाटो भनेको शैक्षिक सामग्रीहरू हुन् । साक्षरता शिक्षाका लागि सहभागीहरूलाई दिइने पाठ्यपुस्तक कापी, कलम समयमा नै उपलब्ध गराउनु पर्ने हुन्छ । पाठ्य सामग्रीहरूलाई शिक्षण सिकाईका साधनका रूपमा प्रयोग गरिने भएकाले यस्ता साधनहरू आवश्यकता अनुसार समयमा नै उपलब्ध गराउन सम्बन्धित पक्षले ध्यान दिनु

दिन सकेका खण्डमा अनौपचारिक शिक्षालाई थप प्रभावकारी बनाइ निरक्षरता उन्मूलनमा सहयोग पुग्न सक्दछ ।

निरक्षरता उन्मूलन कार्यक्रममा अनौपचारिक शिक्षा नामक शीर्षकमा गरिएको प्रस्तुत शोधपत्रमा उद्देश्य अनुसार अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर तथ्य सङ्कलन गरिएको छ । जसबाट प्राप्त तथ्यहरूलाई मास्लोको अभिप्रेरणा अनुसार विश्लेषण गर्दा भोलिका दिनमा सहयोगीलाई दिने तलब भत्तामा वृद्धि गर्नका सकेका खण्डमा सहयोगी कार्यकर्तालाई काम प्रति उत्प्रेरणा बढ्न गई कार्यक्रम प्रभावकारी हुने, पाठ्य सामग्री समयमा नै उपलब्धि गराउनु पर्ने, निरीक्षण एवम् अनुगमनलाई प्रभवकारी बनाउनु पर्ने भन्ने जस्ता तथ्यहरू अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरू

निरक्षरता उन्मूलन कार्यक्रममा अनौपचारिक शिक्षाको भूमिका नामक शीर्षकमा तयार गरिएको प्रस्तुत शोधपत्रमा अध्ययन कार्यकलाई उद्देश्य अनुसार पूर्णता प्राप्त गर्नका लागि भरतपुर नगरक्षेत्र अन्तर्गत रहेका अनौपचारिक कक्षाकेन्द्र अन्तर्गत सञ्चालित १० वटा कक्षाकेन्द्रहरू मध्येबाट ५ वटा कक्षाकेन्द्रलाई छनोट गरी प्राप्त तथ्यलाई अनुसन्धानको गुणात्मक ढाँचा अन्तर्गत व्याख्या एवम् विश्लेषण गरिएको छ । जसबाट प्राप्त प्राप्तिका आधारमा निम्नानुसारको निष्कर्ष एवम् सुझाव प्रस्तुत गरिएको छ :

## ५.१ निष्कर्ष

साक्षर हुन पाउनु हरेक नागरिकको आधारभूत अधिकार हो । सबै नागरिकलाई शिक्षा प्रदान गर्नु राज्यको कर्तव्य पनि हो ।  साक्षरता शिक्षा विगत लामो समयदेखि निरक्षरता उन्मूलन भने हुन सकेको पाइँदैन। अनौपचारिक शिक्षाका माध्यमबाट निरक्षरता उन्मूलन गर्नका लागि सरकारबाट बालशिक्षा, प्रौढ शिक्षा जस्ता विविध कार्यक्रमहरू सञ्चालन हुँदै आएको भए पनि निरक्षरता उन्मूलन हुन सकेको छैन । बास्तबमै भन्ने हो भने अनौपचारिक शिक्षा भनेको त्यो हो जसले विविध उमेर, समय, विद्यालय पाठ्यक्रमप्रतिको अरुचिका कारण विद्यालय शिक्षाबाट बञ्चित भएका वा थप ज्ञान आर्जन गर्न चाहने व्यक्तिले आफ्नो स्वइच्छा अनुसारको सिकाइ सिक्नु भनेको अनौपचारिक शिक्षा भनेर बुझिन्छ। नेपाल सरबारबाट अनौपचारिक कक्षा केन्द्रअन्तर्ग निरक्षरता उन्मूलका लागि ठाउँ ठाउँमा कक्षाहरू सञ्चालन भएको पाइन्छ । यिनै कुरालाई दृष्टिगत गर्दै अनौपचारिक शिक्षा कार्यक्रमको वर्तमान अवस्था पहिचान गर्ने । निरक्षरता उन्मूलन अभियानमा अनौपचारिक शिक्षा कार्यक्रमलाई प्रभाव पार्ने तत्वहरू खोजी गर्ने । अनौपचारिक कार्यक्रमको व्यवस्थापन गर्दा

देखापरेका समस्याहरूको खोजी गर्ने । अनौपचारिक कार्यक्रमको व्यवस्थापन गर्दा देखापरेका समस्या समाधानका उपायहरू सुझाउने । जस्ता उद्देश्यमा शोधपत्रलाई केन्द्रित गरिएको छ ।

यस अध्ययन अनुसन्धानका लागि चितवन जिल्लामा अनौपचारिक शिक्षा अन्तर्गत सञ्चालनमा भएका सामुदायिक अध्ययनकेन्द्रबाट सञ्चालित जम्मा १० वटा अध्ययनकेन्द्र मध्ये जम्मा ५ वटा केन्द्रलाई आधार मानिएको छ । केन्द्र १ मा महिला १८ र पुरुष ७ गरी जम्मा २५ जना, कक्षा केन्द्र २ मा १७ महिला र ९ पुरुष सहित २६ जना, कक्षा केन्द्र ३ मा २२ महिला र ७ पुरुष सहित २९ जना, कक्षा केन्द्र ४ मा २४ महिला र ३ पुरुष सहित जम्मा २७ जना र कक्षाकेन्द्र ५ मा १६ महिला र ४ पुरुष सहित जम्मा २० जना सहभागी मध्येबाट उद्देश्यपूर्ण नमूना छनोट विधिका आधारमा सहयोगी कार्यकर्ता १।१ का दरले ५ वटा, सहभागीहरू ५।५ का दरले २५ जना, निरक्षक १ जना गरी ३१ जनालाई यस अध्ययन अनुसन्धानको जनसङ्ख्याका रूपमा समावेश गरिएको छ ।

चितवन जिल्ला भरतपुर नगरपालिका अन्तर्गत अनौपचारिक कक्षाकेन्द्र अन्तर्गत सञ्चालन भएका कक्षाकेन्द्रहरूमा कक्षासञ्चालनका लागि घरको कोठा र वरण्डा प्रयोग गरेको पाइयो । सहभागीहरूका लगि चाहिने पाठ्य सामग्रीहरू समयमा उपलब्ध लब्ध हुन नसक्दा सहभागीहरूलाई सिकाइप्रति नैरास्यता भएको तथ्य अनुसन्धानका क्रममा जानकारी प्राप्त भएको छ । आफ्नै भवन नहुने, ठाउँको अभाव जस्ता कुराहरूले अध्यापन कार्यकलापमा असहजता भएको तथ्य अनुसन्धानका क्रममा जानकारी प्राप्त भएको छ । उपस्थित भएका सहभागीहरू सिक्नकालागि उत्सुक भएको पाइयो । कुनै कुनै सहभागीहरूबाट पाठ्यपुस्तकहरू अलि परिमार्जन गरिनु पर्ने स्तरीय भइदिए हुन्थ्यो भन्ने गुनासो पनि प्राप्त भएको थियो । लेख्न पढ्नै नसक्ने अवस्था रहेका हरूले पनि सामान्य लेखपढ गर्नुका साथै आफ्नो दैनिक हिसाबकिताब गर्ने सक्ने भएको तथ्य अनुसन्धानका क्रममा जानकारी प्राप्त

भएको थियो । विद्यालय उमेर समूहबाट बाहिरिएका, समयको अभाव रहेकाहरूका लागि पनि अनौपचारिक शिक्षा प्रभावकारी हुन सकेको पाइयो ।

सहयोगीलाई दिने तलब भत्ता न्यून हुनुका कारण शिक्षण सिकाइ कार्यकलापमा त्यत्ती जोड नदिएको भन्ने जस्ता उत्तरहरू अध्ययनका क्रममा सहभागी एवम् निरीक्षकहरूबाट जानकारी प्राप्त भएको थियो । निरीक्षण एवम् अनुगमन कार्य प्रभवाकारी हुन नसकेको, निरीक्षकहरूले सहयोगी कार्यकर्तासँग सोधेर जानकारी लिने तर सम्बन्धित ठाउँमा पढाइ भएका बेला के कस्तो भएको छ भनेर प्रत्यक्ष अनुगमन नगरेको भन्ने जस्ता उत्तर समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको हुँदा अध्ययन स्थलमा देखिएका कमी कमजोरीलाई निराकरण गरी कार्यक्रम सञ्चालन हुन सकेका खण्डमा अनौपचारिक शिक्षाको माध्यमबाट निरक्षरता उन्मूलन गर्नका लागि थप सहयोग पुग्ने निष्कर्ष निकालिएको छ ।

## ५.२ सुझावहरू

प्राप्त तथ्यको सारांशका आधारमा भोलिका दिनहरूमा अनौपचारिक शिक्षाका माध्यमबाट निरक्षरता उन्मूलन गर्नका लागि नीतिगत तह कार्यान्वयन, अनुसन्धान तहका लागि निम्नानुसार सुझाव प्रस्तुत गरिएको छ :

### ५.२.१ नीतिगत तह

अनौपचाीरक शिक्षा सञ्चालन गर्दा निरक्षरता उन्मूलन गर्ने भनिएको भए पनि उचित तवरबाट कक्षा सञ्चालन हुन नसकेको भन्ने जस्ता तथ्यहरू अध्ययनका क्रममा जानकारी प्राप्त हुनुका साथै अनौपचारिक शिक्षा अन्तर्गत साक्षर भएकाहरूका लागि तह वृद्धि गरी सोही अनुसार कक्षा सञ्चालन गरेर औपचारिक सरहको मान्यता दिने नीति सरकारी तवरबाटै तय हुन सकेका खण्डमा भोलिका दिनहरूमा सहभागीहरूका लागि उत्प्रेरणा प्रदान

हुन सकी निरक्षरता उन्मूलनमा थप सहयोग पुग्ने देखिन्छ। सहयोगी कार्यकर्ताहरूलाई आवश्यक तालिम एवम् पुनरताजगी तालिमको व्यवस्था हुने अनौपचीरक शिक्षा कार्यक्रमबाट नै गर्न सकेका खण्डमा सहयोगी कार्यकर्तालाई पेशाप्रति प्रेरणा जागृत कार्यक्रम थप प्रभावकारी हुन सक्ने देखिन्छ ।

### ५.२ .२ कार्यान्वयन तह

अभियानको कार्यन्वयन गर्न खटिएका व्यक्तिहरूको नियुक्ति निश्पक्षतापूर्वक हुन नसेकेको भन्ने जस्ता उत्तर प्राप्त भएको हुँदा कार्यक्रम सञ्चालकले कार्यक्रमको सञ्चालन गर्दा कुनै पनि स्वार्थ नराखी कन कार्यक्रम सञ्चालन गर्न सकेका खण्डमा निरक्षरता उन्मूलनका लागि अनौपचारिक शिक्षा थप प्रभावकारी हुन सक्ने देखिन्छ । केन्द्रीय स्तरदेखि स्थानीय स्तर सम्मका सम्पूर्ण निकाय बीच समन्वयको अभावका कारण अभियानले सोचे अनुसारको उपलब्धि हासिल गर्न सकिरहेको छैन भन्ने जस्ता तथ्य प्राप्त भएको हुँदा सम्बन्धित सरोकारवाला पक्षबाट केन्द्रियदेखि स्थानीय सम्मका निकायबिचमा समन्वयन गर्न सकेका खण्डमा कार्यक्रम थप प्रभावकारी हुन सक्ने देखिन्छ । कार्यक्रम सञ्चालन गर्ने जिम्मेवार पक्षले यसका लागि स्थानीय स्तरमा जनप्रतिनिधि खटाउने रेडियो टि.भि. र एफ.एमहरूबाट प्रचार प्रसार गर्न सकेका खण्डमा थप प्रभावकारी हुन सक्ने देखिन्छ । अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने समाजमा भएका सम्पूर्ण वुद्धिजिवी, राजनैतिक दलका व्यक्तिहरू, सरकारी तथा गै.स.सहरू शिक्षक, विद्यार्थी लगायत सर्वपक्षीय सदासयताको आवश्यकता पर्ने भएकाले अभियानमा यी सबै व्यक्तिहरूलाई परिचालन गर्ने कार्य कार्यक्रम सञ्चालक पक्षबाट हुन सकेको खण्डमा निरक्षरता उन्मूलन गर्नका लागि अनौपचारिक शिक्षा थप प्रभावकारी हुन सक्ने देखिन्छ ।

### ५.२.३ अनुसन्धान तह

प्रस्तुत शोधपत्रसँग सम्बन्धित रहेर अध्ययन अनुसन्धान गर्न चाहने जो कोही पनि अध्ययन अनुसन्धानकर्ताले भोलिका दिनमा अध्ययन अनुसन्धान गर्दा अनौपचारिक शिक्षा र यसका चुनौतिहरू, निरक्षरता उन्मूलन कार्यक्रममा अनौपचारिक शिक्षाको प्रभावकारिता, अनौपचारिक शिक्षाको उचित व्यवस्थापन हुन नसक्दा निरक्षरता उन्मूलनमा देखिएका समस्याहरू जस्ता शीर्षकमा अध्ययन अनुसन्धान गर्न सकेका खण्डमा अनौपचारिक शिक्षाकार्यक्रम प्रभावकारी ढङ्गबाट सञ्चालन हुनगई निरक्षरता उन्मूलनमा थप सहयोग पुग्न सक्ने देखिन्छ ।

## सन्दर्भ सामग्री


अधिकारी, प्रकाश सिंह (२०६६), *साक्षरता अभियानको राष्ट्रिय र अन्तराष्ट्रिय परिपेक्ष,* साक्षरता विशेषाङ्क भक्तपुर : औपचारिक शिक्षाकेन्द्र ।

अधिकारी प्रकाश सिंह (२०७०), *अनौपचारिक शिक्षाको विकासका लागि सञ्जालको महत्व,* साक्षरता विशेषाङ्क भक्तपुर : औपचारिक शिक्षाकेन्द्र ।

अधिकारी, प्रकाश सिंह (२०५९), *सबैकालागि शिक्षाको सन्दर्भमा साक्षरता,* काठमाडौँ : साक्षरता विशेषाङ्क भक्तपुर : औपचारिक शिक्षाकेन्द्र ।

*cgf}krfl/s lzlff s]Gb| Ps lrgf/L, @)^^* sf7df8f}F M cgf}krfl/s lzlffs]Gb| .

*cgf}krfl/s lzlff gLlt* -@)^*_, sf7df8f}F M cgf}krfl/s lzlff s]Gb| .

काफ्ले, बासुदेव र अन्य ( २०६१), *शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा,* काठमाण्डौ : विद्यार्थी पुस्तक पसल ।

कुँवर, नरायणी, (२०६८), *प्रौढ साक्षरता कार्यक्रम व्यवस्थापन, अप्रकाशित स्नातकोत्तर शोधपत्र,* सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवन

भण्डारी, रामकुमार (सन् २०१०) *नेपालको शिक्षा इतिहास र वर्तमान अवस्था,* *https://muktimarga.wordpress.com*

भुषाल, सरस्वती (२०६७) *सामुदायिक अध्ययन केन्द्रमा अनौपचारिक शिक्षा व्यवस्थापन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवन

त्रिपाठी, मधुसूदन (२०६०), *साक्षरता वृद्धिमा केही प्रयास केही उपायहरू,* काठमाडौँ : अनौपचारिक शिक्षाकेन्द्र, साक्षरता समाचार विशेषांक ।

सापकोटा, रमाकान्त (२०६९), *अनौपचारिक शिक्षा : अवधारणा र अभ्यास,* अप्रकाशित सेमिनार पत्र, भरतपुर : सप्तगण्डकी बहुमखी क्याम्पस ।

# निरक्षरता उन्मूलनका लागि अनौपचारिक शिक्षा

## अनुसूची ४

## अवलोकन फारम

| क्र.सं. | विवरण | स्थिति | | | |
|---|---|---|---|---|---|
| | | राम्रो | मध्यम | न्यून | छैन |
| १. | कक्षा केन्द्रमा प्रयोग गरिएका शैक्षिक सामग्री | | | | |
| २. | पाठ्यक्रमको अवस्थ | | | | |
| ३. | सहयोगी कर्याकर्तालाई दिइएको तालिम | | | | |
| ४. | सहभागीको उपस्थिति | | | | |
| ५. | सहयोगीहरूको सिकाइ क्रियाकलाप प्रतिको अभिरुचि | | | | |
| ६. | मूल्याङ्कनको अवस्था | | | | |
| ७. | निरीक्षण तथा अनुगमनको अवस्था | | | | |

# निरक्षरता उन्मूलनका लागि अनौपचारिक शिक्षा

अनुसूची १

स्थानीय निरीक्षकका लागि अन्तरवार्ता प्रश्नावली

नामः लिङ्गः

कक्षाकेन्द्रको नाम : ठेगानाः

1. सामदायिक अध्ययनकेन्द्रबाट सञ्चालन भएको अनौपचारिक शिक्षाको बारेमा के कसरी निरीक्षण एवम् अनुगमन गर्दै आउनु भएको छ ?

.....................................................................................................................

2. सहयोगी कार्यकर्ताको वैठक महिनामा कति पटक बोलउने गर्नु हुन्छ ?

.....................................................................................................................

3. निरीक्षणका क्रममा सहयोगी कार्यकर्ताले कक्षा सञ्चालनमा आइपर्ने समस्याहरू के कस्ता देखाउने गरेका छन्?

.....................................................................................................................

4. त्यस्ता समस्याहरूको समाधान स्वयं आफै गर्नु हुन्छ कि ? माथिल्लो निकायसँग समन्वयन गरी समाधान गर्नुहुन्छ ?

.....................................................................................................................

5. निरीक्षण अनुगमन प्रतिवेदन गा.वि.स., न.पा. र जि.शि.का. मा मासिक रूपमा पठाउनु हुन्छ कि ? कार्यक्रमको अन्त्यमा पठाउनु हुन्छ ?

.....................................................................................................................

6. सहभागिको आन्तरिक र वाह्य परीक्षामा कस्तो भूमिका निर्वाह गर्नु भएको छ ?

.....................................................................................................................

7. आफ्नो सेवा क्षेत्र भित्र रहेका कक्षा केन्द्रहरू लगायत अनौपचारिक शिक्षाका अन्य कार्यक्रमहरूको अनुगमन निरीक्षण गर्नुहुन्छ ?

..............................................................................................................

९. अनौपचारिक शिक्षाले निरक्षरता उन्मूलनमा के कस्तो सहयोग पुग्ने देख्नु भएको छ ?

..................................................................................................

१०. अनौपचारिक शिक्षा प्रदानमा के कस्ता समस्याहरू रहेका छन् ?

..............................................................................................................

११. निरीक्षणका क्रममा मूल्याङ्कनका कुन साधनहरू प्रयोग गर्नुहुन्छ ?

..........................................................................................................................

११. अनौपचारिक शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाइ निरक्षरता उन्मूलनमा सहयोग गर्नका लागि के कस्ता उपायहरू अपनाउन सकिन्छ ।

.....................................................................................................................

# निरक्षरता उन्मूलनका लागि अनौपचारिक शिक्षा

अनुसूची २

सहयोगी कार्यकर्ताका लागि अन्तरवार्ता प्रश्नावली

नामः लिङ्गः

कक्षाकेन्द्रको नाम : ठेगानाः

1. तपाईंको नियूक्तिको लागि कुन निकायद्वारा सीफारिस गरिन्छ ?

   ..........................................................................................................

2. तथ्याङ्क सङ्कलन गर्दा एक्लैले गर्नुहुन्छ कि अन्य कसैको सहयोग लिनुहुन्छ ?

   ..........................................................................................................

3. तथ्याङ्क सङ्कलन गर्दा के कस्ता फारमहरूको प्रयोग गर्नु भएको छ ?

   ..........................................................................................................

4. कक्षा सञ्चालनमा कुन विधि उपयुक्त ठान्नु हुन्छ ?

   ..........................................................................................................

5. प्रौढ साक्षरता कक्षामा सहभागीहरूको उपस्थिति कस्तो छ ?

   ..........................................................................................................

6. कक्षा सञ्चालनका लागि कुन समय उपयुक्त ठान्नुहुन्छ ?

   ..........................................................................................................

7. अनौपचारिक कार्यक्रमको सञ्चालन गर्दा शैक्षिक सामग्री पर्याप्त भएको छ कि छैन ?

   ..........................................................................................................

8. प्रशिक्षक र प्रशिक्षार्थी बीचको सम्बन्ध कस्तो भएमा कक्षाकोठामा सहभागीहरूको उपस्थिति वृद्धि हुन सक्छ ?

   ..........................................................................................................

9. अनौपचारिक शिक्षा कार्यक्रमले निरक्षरता उन्मूलन गर्नका लागि के कस्तो सहयोग पुग्न सक्ला ?

..........................................................................................................

१० देखिएका समस्याको न्यूनीकरण गरी अनौपचारिक कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्नका लागि के कस्ता उपायहरू अपनाउनु आवश्यक ठान्नु हुन्छ ?

# निरक्षरता उन्मूलनका लागि अनौपचारिक शिक्षाको भूमिका

अनुसूची ३

सहभागीका लागि अन्तरवार्ता प्रश्नावली

नामः लिङ्गः

कक्षकेन्द्रको नाम : ठेगानाः

1. अनौपचारिक कार्यक्रम साक्षरता कार्यक्रम कस्तो लाग्छ ?

...............................................................................................................

2. यो कक्षा सञ्चालन गर्न कुन समय ठीक मान्नुहुन्छ ?

...............................................................................................................

3. नियमित रूपमा उपस्थित हुनका लागि कुन पक्षलाई बाधक ठान्नुहुन्छ ?

...............................................................................................................

4. सरकारी स्तरबाट सञ्चालन भएका विभिन्न कार्यक्रमहरू मध्ये कुन कार्यक्रम बढी प्रभावकारी मान्नु हुन्छ ?

...............................................................................................................

5. यस अनौपचारिक शिक्षाको माध्यमबाट भोलिका दिनमा यसले साक्षर बन्नका लागि सहयोग गर्ला जस्तो लागेको छ ?

...............................................................................................................

6. अहिले सञ्चालन भइरहेको “साक्षर बनौं क्षमता बढाऔं” भन्ने नारा कत्तिको व्यहारिक छ ?

...............................................................................................................

7. निरक्षरता उन्मूलनका लागि औपचारिक र अनौपचारिक मध्ये यहाँको विचारमा कुन कार्यक्रम ठीक हुन सक्छ ?

...............................................................................................................

8. पढ्नको लागि परिवारबाट कत्तिको सहयोग पाउनु भएको छ ?

...............................................................................................................

9. कार्यक्रम सञ्चालनमा के कस्ता समस्याहरू देखा परेका छन् ?

**तालिका १**

**सहभागीहरूको उपस्थिति**

| कक्षाकेन्द्रहरू | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | 18 | 7 | 25 |
| २ | 17 | 9 | 26 |
| ३ | 22 | 7 | 29 |
| ४ | 24 | 3 | 27 |
| ५ | 16 | 4 | 20 |

*स्थलगत सर्भेक्षण २०७२*